जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक १८, २०७९ साल असोज ७ गते शुक्रबार, नेपाल संवत् ११४२ (Sept. 23, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


## अनुमतिबिना बोर्ड राख्न प्रतिबन्ध

काठमाडौं । काठमाडौं महानगरपालिकाले महानगरभित्र अनुमति नलिई होर्डिङ एवं डिजिटल बोर्ड राख्न प्रतिबन्ध लगाएको छ ।

महानगरले बुधबार एक सार्वजनिक सूचना जारी गर्दै महानगरभित्र अनुमति नलिई वा अनुमति लिएको अवधि समाप्त भएका होर्डिङ बोर्ड एवं डिजिटल बोर्ड तत्काल हटाउन आग्रह गरेको हो ।

अनुमति नलिई वा अनुमति लिएको अवधि समाप्त पश्चात पनि निरन्तर होर्डिङ बाँकी ८ पेजमा

## प्रमाण झिकाउन अदालतको आदेश

काठमाडौं । काठमाडौं महानगरले टुकुचा खोला खोजी जारी राखेको र भौतिक संरचना भत्काउन लागेको भन्दै परेको रिटमा उच्च अदालत पाटने प्रमाण झिकाउन आदेश दिएको छ ।

बुधबार उच्च अदालतका न्यायाधीशद्वय गोकर्ण डाँगी र नारायणप्रसाद पौडेलको संयुक्त इजलासले प्रेसिडेन्ट ट्राभल्स एन्ड टुर्स प्रालिको तर्फबाट निर्देशक भोला विक्रम थापासहित तीन जनाको रिटमाथि सुनुवाइ गर्दै 'प्रमाण मिसिल झिकाउने' आदेश बाँकी ८ पेजमा

# संविधानको पालना राष्ट्रपतिले मात्रै गर्ने कि सरकारले पनि ?

काठमाडौं । प्रतिनिधिसभा र राष्ट्रियसभाले हुबहु पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिले विद्यादेवी भण्डारीसमक्ष पठाएको विवादित नागरिकता विधेयक दोस्रो पटक पनि अस्वीकार गरेपछि उनको कदमको पक्ष र विपक्षमा जनमत विभाजित देखिएको छ । सत्ता गठबन्धनमा रहेका दलहरू कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी र जनमोर्चाले राष्ट्रपतिले संविधानको अवज्ञा गरेको आरोप लगाएका छन् भने नेकपा एमाले राष्ट्रपतिको बचाउमा उत्रिएको छ । संविधानअनुसार नै संसद नरहेको अवस्थामा निष्क्रिय विधेयक राष्ट्रपतिले प्रमाणित गर्न आवश्यक नपर्ने तर्क एमालेले गरिरहेको छ । मधेस केन्द्रित दल लोसपाले अब मधेसमा आन्दोलनको आगो बाल्ने ध्वाँस दिइरहेको छ ।

राष्ट्रपतिको कदममा कानुन व्यवसायीहरू पनि दुई कित्तामा उभिएका छन् । सत्ता गठबन्धनका घटकहरूसँग साइनो राख्ने कानुन व्यवसायीहरू राष्ट्रपतिले संविधानको सीमा नाघेको भनिरहेका छन् । तर स्वतन्त्र वरिष्ठ अधिवक्ता डा. भिमार्जुन आचार्य लगायतका कानुन व्यवसायीहरू संसद अस्तित्वमा नरहेपछि विधेयकको अस्तित्व पनि स्वतः समाप्त हुने भएकाले राष्ट्रपतिले प्रमाणित गर्नु संविधानको नजरअन्दाज गर्नु हो भन्ने जवाफी तर्क प्रस्तुत गरिरहेका छन् । यस विषयमा पूर्व प्रधानन्यायाधीश र न्यायाधीशहरूको पनि एकमत छैन । प्रतिनिधिसभा विघटनको विरोधमा रहेका उनीहरू राष्ट्रपतिले संवैधानिक व्यवस्थालाई चुनौती दिएको राग अलापिरहेका छन् ।

असोज १ गते मध्यरातदेखि प्रतिनिधिसभाको आयु समाप्त भएको छ । राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणित गरिसक्नुपर्ने १५ दिने समयसीमा ४ गते मंगलबार सकिएपछि विधेयक पेन्डिङमा गएको छ । राष्ट्रपतिले नागरिकता विधेयक रोकिदिएपछि नेपाललाई फिजीकरण गर्दै सिक्किमीकरण गर्ने भारतीय अभिष्टता समेत यतिबेला अलपत्र परेको छ । भारतीय दुताबासको हुन्डी खाने 'टाइकुन' मिडियाहरू राष्ट्रपतिको



विरुद्धमा बौद्धार गर्न होडबाजी गरिरहेका छन् । कैलाश सिरोहिया, विनोदराज ज्ञवाली, कृष्णज्वाला देवकोटाहरू राष्ट्रपतिले संविधान उल्लंघन गरिन् भन्दै जनमत उफार्ने मिथ्या प्रयासमा देखिएका छन् । उनीहरू दिनदहाडै झूट र फेरवीपूर्ण समाचार ब्यानरन्युज बनाएर प्रकाशित र प्रसारण गरिरहेका छन् । संविधानको पालना सरकारले नगरेको विषयमा उनीहरूको बुझ्निनसक्नु मौनता देखिन्छ ।

नेपालमा संविधानको पालना कसैले गरेको छैन । संविधानको धारा ८१ ले संसदमा प्रस्तुत हुने विधेयक सरकारले राष्ट्रपतिलाई जानकारी गराउनुपर्ने प्रस्ट उल्लेख छ । तर सरकारले नागरिकता विधेयक जस्तो संवेदनशील विषयमा राष्ट्रपतिलाई बाल गनेन । देउवा, प्रचण्ड, माधव नेपाल, उपेन्द्र यादव, बाबुराम भट्टराई सार्वभौम संसद बने । बैठक बालुवाटारमा बस्यो । नागरिकता विधेयक संसदमा लगेर बहुमतको आडमा आफ्ना सांसदहरूलाई ताली ठोक्न लगाएर पारित गरेको घोषणा गरियो । नागरिकता विधेयकलाई संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा लगिएन । फास्टट्र्याक विधिबाट विधेयक पारित गरिनु सरकारले सार्वभौम संसदको हुर्मत लिनु होइन ? नागरिकता विधेयक संसदमा छलफल गरिनु पर्दैन ? के जनताले आफ्नो प्रतिनिधिका रुपमा सांसदलाई संसदमा पठाएको देउवा, प्रचण्ड र माधवको निर्देशनअनुसार ताली पड्काउन मात्र हो ? सांसदहरूले नागरिकताका विषयमा आफ्ना धारणाहरू संसदमा राख्न पाउनु पर्दैन ? राज्य व्यवस्था तथा सुशासन समितिले वैवाहिक अंगीकृत नागरिकताका लागि यसअघि पारित गरेको ७ वर्षे प्रावधान एकाएक हटाएर ल्याइएको नागरिकता विधेयक नेपाललाई फिजिकरण गर्ने भारतीय रणनीतिको एक श्रृंखला हो । नेपाली चेलीले भारतीयसँग विवाह गरेको ७ वर्षपछि नागरिकताका लागि आवेदन दिन पाउँछिन् । त्यसमा पनि नागरिकता पाउने नपाउने भारतीय अधिकारीहरूको तजबिजमा भर पर्छ । भुटानमा विवाह गरेको १० वर्ष वा दुईवटा सन्तान जन्मिएपछि मात्र विदेशी महिलाले नागरिकता पाउँछिन् । पाकिस्तानमा विवाहको ५ वर्षपछि विदेशी बुहारीले नागरिकता पाउँछिन् तर उनी मुस्लिम हुनैपर्छ । श्रीलंकामा ५ वर्ष र माल्दिभ्समा पनि ५ वर्षपछि मात्र विदेशी दुलहीले नागरिकता पाउँछिन् । तर नेपालमा जग्गैमै विदेशी बुहारीलाई नागरिकता दिने व्यवस्था गरिएको छ जुन राष्ट्रहितको प्रतिकूल छ ।

संविधानको धारा ११३ (४) मा भनिएको छ– राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रुपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेस भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणित गर्नेछ । तर प्रमाणित नगरे विधेयक के हुने भन्ने उल्लेख छैन । भारतीय संविधानमा यदि राष्ट्रपतिले दोस्रो पटक पनि प्रमाणीकरण नगरे त्यस्तो विधेयक बाँकी ८ पेजमा


## ब्याजदर वृद्धि रोक्न महासंघको माग

काठमाडौं । निजी क्षेत्रले उद्योग-व्यवसाय क्षेत्रमा ऋणको ब्याजभार थपिन जाँदा अर्थतन्त्रमा संकट आउन सक्ने आकलन गरेको छ ।

अर्थतन्त्रमा नकारात्मक असरमात्र पर्ने ब्याजदर वृद्धिको निर्णय तत्काल स्थगन गर्न नेपाल उद्योग वाणिज्य महासंघले सरोकारवाला समक्ष माग पनि गरेको छ । बैंक तथा वित्तीय संस्थाहरूद्वारा १ असोजदेखि लागू हुने गरी ब्याजदरमा भएको वृद्धिप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

कर्जाको ब्याजदर अकासिने हुँदा कोभिड महामारी र त्यसपछि बाह्य र वित्तीय क्षेत्र असन्तुलनका कारण प्रभावित उद्यमी-व्यवसायी मर्माहत हुनेतर्फ महासंघले सरकार, केन्द्रीय बैंक र बैंक तथा वित्तीय संस्थाहरूको ध्यानाकर्षण गराउन चाहेको पनि जनाएको छ । महासंघका अनुसार बढ्दो लागतका कारण साना तथा मझौला उद्यम बन्द गर्नुपर्ने अवस्था आएको छ भने उत्पादित सामानको बाँकी ८ पेजमा

## समानुपातिकमा तरमाराहरूकै राज




प्रदीप प्रसाईं

काठमाडौं । नेपालको संविधान २०७२ ले नेपालमा मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरेको छ- प्रत्यक्ष र समानुपातिक । प्रत्यक्ष प्रणालीतर्फ निर्वाचनमा प्रतिस्पर्धा गर्न कठिन रहेका तर संसदमा प्रतिनिधित्व गराउनुपर्ने वर्ग, समुदाय, भूगोल र लिंगका मानिसलाई सहजता प्रदान गर्न र संसदमा विविधता झल्काउन समानुपातिक प्रणालीको व्यवस्था गरिएको हो । ४ मंसिरमा तय प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि राजनीतिक दलहरूले निर्वाचन आयोगमा समानुपातिक उम्मेदवारको बन्दसूची बुझाउँदा सीमित प्रभावशाली व्यक्तिहरू नै समेटिएपछि त्यसको चौतर्फी आलोचना भइरहेको छ ।

प्रतिनिधिसभाका १ सय १० र प्रदेश सभाका २ सय २० सिटका लागि राजनीतिक दलले उम्मेदवार सूची निर्वाचन आयोगमा बुझाइसकेका छन् । नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी, जसपा, लोपसा सहितका दलले पार्टीभित्र हस्तक्षेपकारी भूमिकामा नेतादेखि पूर्वमन्त्री, पूर्व सांसदसम्मलाई समानुपातिक सूचीकृत गरेका छन् । सामाजिक सञ्जालदेखि पार्टीभित्र समेत नामावलीप्रति तीव्र विरोध भए पनि सम्बन्धित पार्टीका शीर्ष नेतृत्वलाई भने यसले कुनै असर गरेको देखिँदैन ।

नेपाली कांग्रेसको समानुपातिक सूचीमा प्रधानमन्त्री शेरबहादुर देउवा पत्नी आरजु राणा समेटिएकी छन् । उनी कैलाली २ बाट प्रत्यक्षतर्फ सिफारिस भएकी थिइन् । तर त्यहाँ कांग्रेस नेता पुष्करनाथ ओझा उम्मेदवार बन्ने भएपछि उनको पराजय सुनिश्चित देखियो । उनी समानुपातिकमा बसिन् । आरजुलाई छाया प्रधानमन्त्रीका रुपमा समेत लिइन्छ । हरेक नियुक्ति, सरुवा, बढुवा, ठेक्कापट्टामा आरजुको हालिमुहाली चल्दै आएको छ । कांग्रेसभित्र, म्याडम भनेर चिनिने आरजुले नमानेकै कारण राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण र राष्ट्रिय अनुसन्धान बाँकी ८ पेजमा

## राष्ट्रसंघ महासचिव गुटेरेसको चेतावनी

काठमाडौं । संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले वैश्विक अवस्थाबारे गहिरो चिन्ता व्यक्त गरेका छन् ।

मंगलबार राष्ट्रसंघ महासभा बैठकको क्रममा संसारभरका नेताहरूलाई चेतावनी दिँदै उनले भने, 'हाम्रो विश्व ठूलो समस्यामा छ। विभाजनहरू गहिरो हुँदै गइरहेका छन्; असमानता फराकिलो हुँदै गइरहेको छ; बाँकी ८ पेजमा

## खेलाडी र पत्रकार सम्मानित

काठमाडौं । नेपाली फुटबलर नवयुग श्रेष्ठ र भरत खवाससँगै दुई जना नेपाली खेलकुद पत्रकारलाई अमेरिकामा सम्मान गरिएको छ । फुटबलर श्रेष्ठ, खवास तथा खेलकुद पत्रकार रोशनबहादुर सिंह र फोटो पत्रकार कौशल अधिकारी सम्मानित भएका हुन् ।

अमेरिकाको बाल्टिमोरमा भएको एनएसी फुटबल प्रतियोगिताको फाइनल खेलपछि चारै बाँकी ८ पेजमा

## प्रतिष्ठानबाट विभिन्न सहयोग





सुरेन्द्र ढकाल प्रतिष्ठानबाट गत हप्ता विभिन्न विद्यालय तथा संघसंस्था लाभान्वित भएका छन् । जसनुसार असोज ३ गते सनराइज युथ क्लव देवीनगरले रु एकलाखको खेलकुद सामाग्री, जर्सी र फुटसलबुट प्राप्त गरेको छ भने, असोज ४ गते शंखमुल स्थित सुकुमवासी टोलका वालवालीकाहरूका लागि नेपाल महिला एकता समाजले रु एक लाखको विद्यालय झोला तथा जुत्ता प्राप्त गरेको छ । बाँकी ८ पेजमा

## सिफारिसबिना बेचिएका औषधि जफत

काठमाडौं । चिकित्सकको सिफारिसमा मात्रै बेच्न पाइने औषधि शुक्लाफाँटा नगरपालिका क्षेत्रका मेडिकल सञ्चालकले आफूखुसी बेच्दै आएको बुझिएको छ । चाडपर्वलाई लक्ष्य गरी नगरपालिकाले बजार अनुगमन गर्दा कलुवापुर बजारका चारवटा मेडिकलमा चिकित्सकको सिफारिसबिना त्यस्ता औषधि बेच्ने गरेको पाइएको हो ।

चिकित्सको सिफारिसअनुसार अभिलेख राखेर बेच्नुपर्नेमा मेडिकल सञ्चालक बिनाअभिलेख बेचेको पाइएपछि त्यस्ता औषधि जफत गरिएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । 'नशा रोग, निन्द्रा लगाउने, भियग्रा, गर्भपतन गराउनेलगायत औषधि बेच्नका लागि मेडिकलमा राखेको पायौं', उनले भने, 'बेचिएका त्यस्ता औषधिको अभिलेखसँगै चिकित्सकको सिफारिस पनि फेला नपारेपछि जफत गरेका छौं ।'म्याद नाघेको ठूलो परिणामको औषसधसमेत तीनवटै मेडिकलबाट बरामद गरिएको छ । चिकित्सकको सिफारिसबिना चलाउनै नपाइने औषधि बेच्ने मेडिकलका बारेमा प्रचलित कानुनअनुसार कारबाही हुने बताइएको छ ।

## 'नेपालको आर्थिक वृद्धिदर ४.७ प्रतिशत'

काठमाडौं । चालु आर्थिक वर्ष २०७९/८० (सन् २०२३) मा नेपालको आर्थिक वृद्धिदर ४.७ प्रतिशतमा सीमित हुने एसियाली विकास बैंक (एडीबी)ले प्रक्षेपण गरेको छ । एडीबीले गत अप्रिलमा ५ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त हुने अनुमान गरेको थियो ।

सन् २०२२ मा ५.८ प्रतिशत रहेको आर्थिक वृद्धिदरमा २०२३ मा केही संकुचन आउने अनुमान एडीबीले गरेको हो । यसो हुनुमा सरकारले अहिले लिएका नीतिहरू मुख्य कारण हुने एडीबीको विश्लेषण छ । सरकारले आयातमा अंकुश लगाइरहेको छ । यसले अर्थतन्त्रको विस्तारमा नकारात्मक असर पुग्ने एडीबीका कन्ट्री निर्देशक अर्नाउड काउकोइसले बताएका छन् । बाँकी ८ पेजमा

## विदेशीका भरौटेहरूले राष्ट्र हाँक्न सक्दैनन्

समय सन्दर्भ

■ अमूल्य थारू

ब्रिटेनका राजा जर्ज (तृतीय) अमेरिकाका पनि शासक थिए, पृथ्वीनारायण शाह नेपालका राजा छँदा । जर्जकै कार्यकालमा सन् १७७६ मा ब्रिटेन स्वाधीन भएको थियो । नेपाल एकीकरण भएको आठ वर्षपछि स्वतन्त्र भएको अमेरिका हाम्रो दाजु होइन ।

प्याट्रिक जे. किगरले बोस्टन नरसंहार (सन् १७७०) लगायतका कारणले ब्रिटेनबाट अमेरिका स्वतन्त्र हुन खोजेको उल्लेख गरेका छन् । ब्रिटेनकै चियापत्ति किन्न अमेरिकालाई बाध्य पारेपछि अर्को निहुँ थपियो । अधिकार र स्वतन्त्रताका अनेक बखेडाहरू थपिए । अमेरिकीहरू भन्न थाले-'हाम्रो माटो-हाम्रो राज ।' जब विदेशीले जनतालाई हेप्ने र सताउने गर्छन् तब विद्रोह हुन्छ । स्वतन्त्रता संग्राम सुरु हुन्छ । त्यस्तो अवस्थामा राजनीतिले अर्को बाटो लिन्छ ।

जहाँ ज्युँदा जनता बस्छन्, उनीहरू असत्य र अन्याय खपेर बस्दैनन् । जुरुक्क उठ्छन् । विप्लवी हुन्छन् । थिचोमिचो गर्नेहरूको सम्मान होइन, सामना गर्छन् । भ्रष्टाचार, दमन, अत्याचार सहेर बस्दैनन् । जनता बेलैमा जागे भने राष्ट्र डुब्दैन । सास फेर्ने लासहरू मात्र मौनधारण गरिबस्छन् । नेल्सन मन्डेला, स्यामुअल एडम्स र चार्ल्स द गाल मात्र होइन, 'महिला राजा' (फिमेल किङ) क्लियोपेट्रा जस्ता कतिपय पात्रको प्रशंसा गरेका छन्, इतिहासकारहरूले ।

प्रसिद्ध तान्त्रिक धनशमशेरले राजनीतिमा निहित 'तन्त्र' शब्द प्राचीन तन्त्र-परम्पराबाटै अनुप्राणित भएको तर्क गरेका छन् । उनको कथन छ, आध्यात्मिक र भौतिकतन्त्रका हाँगाबिँगामध्ये 'स्वतन्त्र र परतन्त्र' दुवै भौतिकतन्त्र हुन् ।

राजतन्त्र, प्रजातन्त्र र गणतन्त्र शब्दमाधुर्यका दृष्टिले 'स्वतन्त्र' मानिन्छन् । उनले भनेको 'स्वतन्त्र' शब्दार्थ जीवित आत्माहरूको आत्मनिर्णयको क्षमता, साहस, विवेक र राष्ट्रप्रतिको निष्ठामा मात्रै सार्थक हुन्छ । अधिकार (त्यो पनि सीमित मात्रै) आफूमा राखेर सर्वाधिकार अरूलाई बुझाइन्छ भने त्यो राष्ट्रको सार्वभौमसत्ता निष्प्राण हुँदै 'सुजेरेन्टी' बन्छ । तसर्थ, जुन राष्ट्रको कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, सेना, प्रेस र समस्त राज्यसंयन्त्र नै पराधीन जस्तो बन्छ, त्यो राष्ट्र सजीव रहँदैन ।

जागरुक रहने दायित्व जनताको पनि हो । जहाँका जनता गैरजिम्मेवार, स्वार्थी, निकम्मा र च्युत हुन्छन्, त्यहाँको राजनीति त्यस्तै हुन्छ ।

महेश दास अकबरका प्रमुख मन्त्री थिए । महेश अत्यन्त दूरदर्शी, इमानदार, साहसी र योग्य राजनीतिज्ञ थिए । उनलाई अकबरका सबैभन्दा निकट मानिन्छ । इतिहासमा उनी 'वीरबल' नामबाट प्रसिद्ध भए । चीनसँग ब्रिटेनको सम्बन्ध नवीकरण गराए, हेनरी किसिन्जरले । अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनका कूटनीतिक सल्लाहकार तथा विदेशमन्त्री भए उनी । माओसँग पटकपटक भेटेर उनले सम्झाए-चीन र अमेरिकाबीच जति सुमधुर सम्बन्ध हुन्छ, त्यसले दुवै राष्ट्रलाई मात्र होइन, विश्व शान्तिलाई नै फाइदा पुग्छ ।

देङ-स्याओ-पिङपछिका नेताले यसको मर्म बुझेनन् । यस्तै, अमेरिकी रक्षा मन्त्रालयले चीनलाई प्रमुख दुश्मन ठान्न थालेपछि विश्वमै उथलपुथल हुन सक्ने सम्भावना बढेको छ । अमेरिकी रक्षा मन्त्रालय पेन्टागनको पछिल्लो प्रतिवेदनमा अमेरिकाको परम शत्रु चीन नै भएको ठहर गरिएको छ । सम्राट साइरसलाई इरानीहरू 'कुरुस' भन्छन् । उनी पर्सियाका अधिपति थिए । बेबिलोनका राजा थिए ।

विश्वप्रसिद्ध विश्वविद्यालयहरूमा 'साइरसको कानुन' अध्ययन गराइन्छ । हजारौं सालपहिले विश्वले अनुशरण गर्ने कानुन बनाए उनले । तीस वर्ष शासन गरे, ती राजाले । त्यो काल पर्सियाको अमृतकाल थियो । यहुदीको धर्मग्रन्थ बाइबलमा उनको गाथाको गर्णन छ तर साइरस इसाई वा बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# डेंगु : संक्रमण, प्रभाव र समाधान

मानव जगतमा एकपछि अर्को रोगको संक्रमण देखिँदै आएको छ । कोरानाको संक्रमण विश्वव्यापी बनेर लाखौंको ज्यान लिएर हाल केही मत्थर भएको अवस्था छ । अहिले साउनदेखि नै डेंगुको प्रकोप देशव्यापी रूपमा फैलिएर कतिको ज्यान लिइसकेको छ ।

डेंगु कोराना जत्तिको हानिकारक नभए पनि यसको प्रभावलाई कम छैन । यो लामखुट्टेको टोकाइबाट सर्ने रोग भएका कारण सरुवा रोग नै हो तर विश्वका धेरैजसो देशहरूमा चेतना, सरसफाइ जस्ता विभिन्न कारणले लामखुट्टेको प्रभाव नै हुँदैन र डेंगु संक्रमण हुने प्रश्न नै रहँदैन तर नेपाल–भारत जस्ता देशमा यसको बढी नै प्रभाव देखिने गरेको छ । यसको विश्वव्यापी प्रभाव छैन भन्दैमा नेपालमा पनि पश्चिमा देशहरूमा जसरी आनन्दका साथ रहन सकिन्छ भन्ने होइन । घना बस्ती भएका अव्यवस्थित शहरी क्षेत्रहरूमा हाल यो संक्रमण फैलिइरहेको छ । यसले नेपालका पोखरा, काठमाडौं, ललितपुर लगायतका ठूला शहरमा आफ्नो प्रभाव फैलाइरहेको छ । काठमाडौंमा मात्र यसले ४ जनाको ज्यान लिइसकेको छ । यसैका कारण कोरोनाबाट मुक्ति पाउँदै गरेको अवस्थामा अब फेरि डेंगुबाट मानिसहरू आतंकित बन्दै गएका छन् ।

अन्यत्रभन्दा राजधानी उपत्यकाकै ठूलामध्येको एक सहर ललितपुरमा डेंगुको संक्रमण बढी नै फैलिन पुगेका कारण ललितपुरलाई 'महामारी क्षेत्र' घोषणा गर्ने तयारी भइरहेको छ । यसबाट एकातिर डेंगुको संक्रमणको फैलावट र त्यसको तीव्रताको अन्दाज गर्न सकिन्छ भने अर्कोतिर अन्य क्षेत्रका व्यक्तिलाई यसबाट सचेतताको बोध हुन जान्छ । 'महामारी क्षेत्र' घोषणा गर्नु भनेको त्यस क्षेत्रको त्यसको प्रभावबाट सबैलाई सचेतता जागरण गराउनु हो, त्यस क्षेत्रका नागरिकलाई आतंकित बनाउनु भन्ने होइन । बेलाबेलामा देखा पर्ने अनेक प्रकारका संक्रमण देखा पर्दै र केही मानवीय क्षति गराउँदै अनि फेरि मानिसको नियन्त्रणमा आउँदै गरेका छन् । प्लेग, बिफर, सार्स, स्वाइन फ्लु, बर्डफ्लु, एड्सलगायत महामारी तथा रोगहरूको प्रभाव पनि बेलाबेलामा संसारव्यापी बनेर फैलिएको थियो ।

केही वर्ष वा महिनाको अनुसन्धानपछि संसारका कुनै न कुनै मुलुकले तिनको केही न केही समाधान निकालेका छन् । पछिल्लो समयमा सबैभन्दा ठूलो महामारीको रूपमा कोरोना फैलिएको थियो र यसको पनि केही समयपछिको अनुसन्धानबाट खोपको आविष्कार भएर मानिसले लगाउन पाएपछि हाल नियन्त्रणमा आएको छ । डेंगु पनि यसरी नै विस्तारै निष्प्रभावी त बन्दै जाला तर हाल राजधानीमै यस महामारीबाट केही व्यक्तिको ज्यान गएका कारण सचेत हुनुपर्ने भएको छ । प्रश्न सचेत को हुने भन्ने हो । यसको तयारी उत्तर पनि छ, त्यो हो यसबाट प्रभावित र प्रभवित हुनसक्ने सम्भावित सबै नै सचेत रहनुपर्छ । सरकार, स्थानीय निकाय, विभिन्न संघसंस्था र नागरिक सबै नै सचेत रहनुपर्ने हुन्छ ।

यस रोगका कारण, लक्षण, परिणाम र सावधानीबारे जानकारी राखेर सुरक्षित बन्नुपर्ने दायित्व सबैमा छ । जिम्मेवारी धेर थोर भने हुन सक्ला त्यो फरक कुरा हो । सरसफाइ, खानपान, आनिबानीमा सुधार सबैको दायित्व हो । तर, स्वास्थ्योपचारका लागि स्वास्थ्यकेन्द्र स्थापना र तिनमा औषधि, उपकरण तथा विज्ञ जनशक्तिको व्यवस्था गर्ने काम भने निश्चय पनि सरकारै हो । सरकार यसबाट पन्सिन वा भाग्न पाउँदै न । त्यसपछि नागरिकहरू पनि यो सरकारको काम हो भनेर बेवास्ता गरेर बस्नु हुँदैन आ–आफ्ना ठाउँबाट सरकारलाई सहयोग गर्नुपर्छ । यसरी हातेमालो गरेर अघि बढ्ने हो भने यस्ता महामारीलाई निश्चय पराजित गर्न सकिन्छ ।

# मेरो उम्मेदवारी आर्थिक कूटनीतिको सवलीकरणको लागि हो



### सुरेन्द्र ढकाल

अहिलेको विश्व व्यापारको युगमा जुन देशले आफ्ना वस्तु तथा सेवालाई अन्तर्राष्ट्रिय बजारमा सस्तो र गुणस्तरीय रुपमा प्रस्तुत गर्न सक्छ त्यसले मात्र ब्यापार वचत गर्न सक्छ । चीनको बैंकमा ४० खरब डलर थुप्री अमेरिकालाई सबै क्षेत्रमा चीनले पछि पार्न सुरु गर्नुको कारण पनि त्यही हो । ठीक त्यसको विपरीत नेपाल भने विश्व व्यापार संगठनको सदस्यता लिएपछि झनै ब्यापारघाटा बढ्दै गई आर्थिक रुपमा असफल हुने बाटोतिर गइरहेको छ ।

कूटनीति दुई किसिमको हुन्छ । एक कूटनीतिलाई औपचारिक सम्बन्धमा मात्रै कायम गर्ने संस्कारी कूटनीति (Cocktail Diplomacy) र अर्कोलाई निर्यात ब्यापार, पर्यटन तथा विदेशी लगानी भित्र् याउने माध्यम बनाउने आर्थिक कूटनीति (Economic Diplomacy) भनिन्छ । विश्व ब्यपार संगठनको सदस्य भएपछि पनि पुरानो सस्कारी कूटनीतिलाई बदली आर्थिक कूटनीतिमा परिणत गर्न नेपालले नचाहेको र नसकेको कारण नेपालले विश्व ब्यापारबाट फाइदा लिन सकेन र इतिहासमा कहिल्यै नभएको ब्यापार घाटाको चंगुलमा देश फस्न पुगेको छ ।

अब आर्थिक कूटनीतिलाई सवलीकरण गर्न सक्ने नेतृत्वको देशलाई खाँचो छ । यसका लागि निम्नानुसारका कार्यहरू अविलम्व सुरु गर्नु पर्नेछ ।

१) नेपालले विदेशमा दुतावास खोल्दा नेपालको निर्यात ब्यापार र पर्यटन प्रवर्द्धन र विदेशी लगानी भित्रिन सक्ने देशमा मात्रै बैतनिक दुतावास खोल्ने जसले वर्षको एकपटक त्यस देशमा नेपाल महोत्सवको आयोजना गरी माथि भनिएको ३ वटै कुरा प्रवर्द्धन गर्न जोड गरोस् ।

२) अन्य सम्भावित देशहरूमा भने अबैतनिक राजदुत तथा त्यस्ता देशका विभिन्न शहरमा अबैतनिक वाणिज्यदुत नियुक्त गरी नेपाल प्रवर्द्धन गर्ने कार्य गर्नु पर्दछ । यस्ता अबैतनिक पदमा विदेशमा रही ख्याति कमाएका देशलाई माया गर्ने गैरआवासीय नेपालीहरू तथा नेपाल भनेपछि हुरुक्कै हुने नेपाललाई सहयोग गरिरहेका विदेशीहरूलाई समेत नियुक्त गर्ने गर्नु पर्दछ ।

३) नेपालीहरूलाई विदेशमा Three Ds (Dirty, Dangerous and Difficult) काम गर्ने होइन शीपयुक्त काम गर्ने सम्मानित पदमा मात्र पठाउने कार्य गर्नु पर्दछ ।

४) उपरोक्त तीन कार्य गर्नको लागि हाल भएको परराष्ट्र, पर्यटन, वैदेशिक सहयोग, वैदेशिक रोजगार र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई गाभी एउटै अन्तर्राष्ट्रिय सम्बन्ध तथा ब्यापार मन्त्रालय बनाउनु पर्दछ ।

५) विश्व व्यापारको युगमा जसले देशको लागि विदेशी मुद्रा कमाइ दिन्छ त्यो नै देशको आर्थिक विकाशको संवाहक हो भन्ने कुरालाई राम्ररी बुझी निर्यात ब्यापार, आयात प्रतिस्थापन, पर्यटन र वैदेशिक लगानी प्रवर्द्धन गर्ने व्यावसायिक संस्थाहरूलाई निर्यातबाट कमाएको आयकरमा छुट, विदेशी मुद्रा सटहीमा सुविधा, वित्तीय तथा अन्य गैर वित्तीय सुविधाहरूको प्याकेज सरकारले दिनु पर्दछ ।

६) हरेक वर्ष देशको लागि सबैभन्दा बढी विदेशी मुद्रा कमाइदिने तीन व्यावसायिक इकाइहरूलाई Commercially Important Person (CIP) घोषित गरी उनीहरूलाई VVIP सरहको सम्मान सरकारले दिनु पर्दछ । यस्तो सम्मान हरेक वर्ष नेपालबाट वस्तु आयात गर्ने तथा विदेशमा नेपालको पर्यटन प्रवर्द्धनमा लागेका विदेशी नागरिकहरूलाई पनि दिनु पर्दछ जसले गर्दा उनीहरूलाई बारम्बार नेपाल आइरहँदा भीसा लिन दौडधुप गर्नुपर्ने अवस्था नपरोस् ।

७) बैतनिक राजदुतहरू नियुक्त गर्दा आर्थिक कूटनीतिका मर्म बुझी काम गर्न सक्नेलाई मात्रै नियुक्त गर्नु पर्दछ । सत्तारुढ दलहरूको झोलेहरूलाई राजदुत बनाएकै कारण आर्थिक कूटनीतिमा देशले जुन छलाङ मार्नुपर्ने थियो त्यो हुन नसकेको हो । तसर्थ जथाभावी दुतावास खोली झोलेहरूलाई राजदुत बनाउने परिपाटी अन्त्य हुनु पर्दछ

यी माथि भनिएका ७ कुराहरूलाई कार्यरुपमा परिणत गर्नको लागि आगामी संसदलाई प्रभावशाली बनाउन मेरो भूमिका जोडदार हुनेछ भन्ने कुरा काठमाडौं क्षेत्र नं १ का मतदाताहरूलाई आश्वस्त गर्न चाहन्छु । मेरो उम्मेदवारी आर्थिक कूटनीतिको सवलीकरणको लागि हो ।







# बिकेर होइन, सिकेर भोट हाल्नुपर्ने अवस्था



### गोविन्द विक

लोकतान्त्रिक व्यवस्थामा चुनाव भनेको राजनीतिक दलहरूका लागि महान पर्व हो । चुनावमार्फत नै आफूलाई मनपरेको उम्मेदवार आफूलाई मन परेको जनजीविकाका विषयमा ध्यान दिने दललाई मत दिएर सत्ता सञ्चालनको अधिकार दललाई सुम्पिने जनताका लागि चुनाव गतिलो अवसर हो । आफूले चुनेर पठाएकाहरूले जनजीविकाका सवालहरूलाई जहिलै प्राथमिकतामा राखुन् भन्ने अपेक्षा जनताले राख्नु स्वभाविक नै हो । स्वच्छ छविको उम्मेदवार दलहरूले सिफारिस गरेर पठाउन । देशले चिनेको भन्दा पनि देशलाई चिन्नेले उम्मेदवारी दिनपाओस् भन्ने अपेक्षा जनस्तरको रहेको पाइन्छ ।

संघीय र प्रदेश सभाको चुनावले संघारमा आएको चाडबाडसँगै चुनावको माहोल तातिएको छ । दलहरू उम्मेदवार सिफारिस गर्न टिकट वितरण गर्न सिट बाँडफाँड गर्न चुनावमा तालमेल गठबन्धन गर्नका लागि व्यस्त छन् । चुनाव जितेर काठमाडौं आएका दलका नेता पाँच वर्षको अन्तरालमा एक पटक पनि गाउँ फर्किएको भन्ने मतदाताहरूका गुनासा छन् । सांसद बनेर आफ्नो निर्वाचन क्षेत्रमा नजाने नेताहरूको रसोवासो नै गाउँतिर छ अहिले । फेरि पनि आफूलाई भोट दिएमा देश विकास गर्ने जनताको मुहारमा खुसी ल्याउने निर्वाचन क्षेत्रको विकासमा काम गर्ने भनेर जनतालाई झुक्याउने खेलको सुरुवात भैसकेको छ ।

चिया पसलदेखि पाँचतारे होटलसम्म चुनावकै गफमा मानिसहरू गफिइरहेका छन् । आफूले मनपरेको उम्मेदवारलाई मत दिएर समृद्ध नेपाल र सुखी नेपालीको सपना पूरा हुनेमा मतदाताहरू प्रतिक्षारत रहेका छन् । लोकतन्त्रको महान चाड भनेको नै चुनाव हो । लोकतन्त्रको प्रभावकारी अभ्यासको रुपमा चुनावलाई लिइने गरिन्छ । दलहरूले क्षेत्रदेखि जिल्ला जिल्लादेखि केन्द्रमा चुनावका लागि उम्मेदवार सिफारिस गर्ने अभ्यासमा देखिएका छन् । चुनावी मैदानमा उतार्ने उम्मेदवार स्वच्छ छविको हुनुपर्छ । देश र जनताको विकासका लागि अहोरात्र काम गर्ने हुनुपर्छ मुलक र जनताको समृद्धिको लागि कुनै कसुर बाँकी नराखी काम गर्ने भ्रष्टाचारीलाई देख्नै नसक्ने घुसखोरी दलाल माफियाहरूका विरुद्धमा कडा आवाज उठाउने राष्ट्रियता र राष्ट्रलाई सधैं शिरमा राखेर काम गर्ने राजनीतिलाई कमाउने माध्यमभन्दा पनि उत्कृष्ठ समाज सेवाको रुपमा ग्रहण गर्ने आफ्नो क्षेत्रका जनताहरूको पिर र मार्कालाई सधैं हाउसमा उठाउने । नातावाद कृपावाद परिवारवादलाई तिरस्कार गर्ने सामाजिक कुसंस्कारका विरुद्धमा जाइलाग्ने राष्ट्रको अस्तित्व संकटमा पर्ने किसिमका सन्धि सम्झौताहरूका विरुद्धमा कडा रुपमा प्रस्तुत हुने निमुखा सिमान्तकृत वर्गको उत्थान र विकासका लागि सधैं राज्यलाई खबरदारी गर्ने उम्मेदवारको प्रतिक्षामा आम जनता छौं । तर दलहरूले हामीले अपेक्षा गरेका हामीले परिकल्पना गरेका भन्दा फरक उम्मेदवारहरूलाई सिफारिस गर्ने उल्टो अभ्यासमा दलहरू लागिरहेका छन् ।

जिउँदै मान्छेलाई भट्टामा पोलेर जेलमा परेका, करोडौंको घूस कान्डमा मुछिएका, समाजमा गुन्डागर्दी मच्चाएर नवधनाढ्य बनेका दलको उच्च तहमा साँठगाँठ गर्न सक्ने दलका उच्च तहका नेताहरूको कुनै न कुनै नाता सम्बन्ध भएका, पटक पटक सांसद भएर पनि निमुखाहरूको आवाज उठाउन बिर्सिएका, बैठकमा गएर निद्रा पुऱ्याएका, बलत्कारी हत्यारालाई अदृश्य रुपमा संरक्षण गर्ने गरेका, जनताको भोक र पीडाका आवाज सधैं बिर्सिनेहरूलाई उम्मेदवार सिफारिस गर्ने होडमा दलहरू लाग्नु दुखद विषय बनिरहेको छ । दलहरूको यस्तै उल्टो अभ्यासका कारण आज आम जनतामा नैराश्यता छाएको छ । दलहरू जनताप्रति कहिलै उत्तरदायी बनेनन् र बनेका पनि छैनन् ।

जनता हाम्रा सेवक हुन्, हामीले जस्ता मान्छे उठायो त्यसलाई जनताले भोट दिइहाल्छन् भन्ने मानसिकताको उपचार दलहरूभित्र खोजिनु पर्दछ । चुनाव जिताउनकै लागि सेन्टिमेट सेलीब्रेटीहरू उम्मेदवारहरूको खोजीमा पुराना भनिएका दलहरू नै व्यस्त हुने गतिलो संकेत हैन । चुनाव जित्नु मात्रै लोकतन्त्रको सफलता हैन चुनाव जितेर गरिने अभ्यासमा लोकतन्त्रको संरक्षण झल्किनु पर्दछ । दलभित्रैको बेढंगको कामले आज पुराना दलप्रति जनविश्वास कम हुँदैछ भन्ने हेक्का दलका नेतालाई छ कि छैन ?

जेलभित्रबाट चुनाव जितेर समृद्धि सम्भव होला त ? ठूला ठूला व्यापारी घरानाहरू आज दलको सिफारिसमा पर्दैछन् । समाजमा गुन्डागर्दी गरेर परिचित भएकाहरू आज दलको सिफारिसमा पर्दैछन् । उम्मेदवारी सिफारिसमा नै मनपरी गर्ने दलहरूले फेरि पनि चुनाव जितेर उनीहरूबाट समृद्धि र विकास अगाडि बढ्छ भन्ने कसरी विश्वास गर्न सकिन्छ ? राजनीतिक दलहरूको यस्तै मनपरी तन्त्रले गर्दा आम मानिस दलप्रतिको विश्वास कमजोर बन्दै गइरहेको छ । दलका कार्यकर्ताबाहेक आम नागारिकमा दलको फोहोरी खेलप्रति नैराश्यता छाएको छ ।

हुँदाखानेहरूको जीजिविषालाई पटक पटक सत्तामा गएर पनि ओझेलमा धकेल्ने काम दलहरूबाट हिजो पनि भएको थियो र आज पनि हुँदैछ । जसले गर्दा आम नागारिक समस्यामा छन् । वामपन्थी धार लोकतान्त्रिक धार सम्हाल्ने ढोल पिटेर हिँडेका दलहरू नै आज गैरजिम्मेवारपूर्ण तरिकाले प्रस्तुत भइराखेका छन् । जनतालाई जसो गरे पनि हुन्छ । जस्ता मान्छे चुनाव उठाए पनि जनताले मत दिन्छन् भन्ने भ्रमले गर्दा दलहरू उल्टो मार्गमा दौडिरहेका छन् । चुनावका लागि सिफारिस गर्दा उम्मेदवारको योग्यता के हो ? कुन धरातलमा रहेको छ ? विगत र वर्तमानको अवस्था के हो ? के कानुनको नजरमा दोषी देखिएको व्यक्तिलाई सिफारिस गर्दा यसले के सन्देश जान्छ ? लगायतका विषयमा दलहरूले चासो नदिनु गैरजिम्मेवारीताको परकाष्ठ नै हो ।

के अपराध कर्ममा मुछिएकाहरूले जनताको समृद्धि आवश्यक ठान्लान त ? जेलमा बस्नेहरूलाई सिफारिस गर्दा जेलबाट निस्किएर चुनावमा पैसाले मत किनेर जितिहाले भने पनि सत्ता र शक्तिको अडेस लागेर अपराध मच्चाउनमै व्यस्त हुँदैनन भन्ने आधार के छ ? चुनावका लागि उम्मेदवार सिफारिस गर्ने समितिको कार्यक्षमतामा प्रश्न उठाउनुपर्ने समय आएको छ । राजनीति भनेको नै भ्रष्टहरूले गर्ने हो । राजनीति भनेको नै गुन्डागर्दी मच्चाउनेहरूले गर्ने हो । राजनीति भनेको नै परिवारवादलाई छोड्न नसक्नेहरूले गर्ने हो । राजनीति भनेको नै घुसखोरी माफियाहरूले गर्ने हो ।

राजनीति भनेको नै निमुखाहरूको आवाज दवाउनेहरूले गर्ने हो भन्ने किसिमको अभ्यास राजनीतिक दलहरूको हरेक व्यवहारमा देखिइरहेको छ । दलहरूको उल्टोपाल्टो व्यवहारले गर्दा राजनीति दिनदिनै बदनामी भडखालोमा पर्दै गइरहेको छ ।

जेल भुक्तान गरिरहेकाहरू चुनावमा सिफारिस भए भन्ने समाचार बाहिर आउँदा दलको नेतृत्वलाई कति पनि चिन्ता नहुनु विडम्बनापूर्ण छ । चुनावमा उम्मेदवारी सिफारिस गर्नु कुनै ठट्टाको विषय होइन । कस्तो छवि र योग्यता भएकोलाई उम्मेदवार बनाउँदा दलप्रतिको विश्वास जनतामा जगाउन सकिन्छ भन्ने सोच र चिन्तन दलमा छैन भन्ने कुरा दलहरूको उम्मेदवार सिफारिसमा देखिएको मनपरी तन्त्रले प्रष्ट पारेको छ । त्यही भएर जनता दलको विकल्पमा संगठित हुँदै गइरहेका छन् ।

# मैले देखेको २२१ औं विश्व पर्यटकीय स्थल
# प्योङयाङको कुम सुसान स्मारक

सुरेन्द्र ढकाल




राष्ट्रपति किमले विभिन्न देशबाट प्राप्त गर्नुभएका उपहारहरू



स्मारकभित्र रहेको राष्ट्रपति किम इल सुङ र जनरल किम जोङ इलको सालिक



राष्ट्रपति किमको पार्थिव शरीर




स्मारकलाई २ सय डलरको चन्दा दिएबापत ढकाललाई प्रदान गरिएको प्रशंसापत्र




जनरल किमको पार्थिव शरीर



कुम सुसान दरबार अगाडिबाट हेर्दा

अगाडिको अंकमा मैले सर्वोच्च नेता तथा राष्ट्रपति किमको जन्मघर पुग्दा आफूलाई भएको अनुभूतिबारे लखेको थिएँ। यस अंकमा उहाँसँगै सम्बन्धित कुम सुसान स्मारकबारे लेख्दै छु। प्रजग कोरियाको राजधानी प्योङयाङको नजिकै उत्तरपूर्वी कुनाको सानो पहाडको फेदमा रहेको यो स्मारक सर्वोच्च नेता किम इल सुङ प्रजग कोरियाको राष्ट्रपति रहुञ्जेल उहाँको निवास तथा कार्यालय रहेछ। १९७६ मा ग्रेनाइट र सिंहमरमरले बनेको यो विशाल महलमा सन १९९४ मा प्रजग कोरियाका संस्थापक नेता कीमको देहावसानपछि कोरियाली जनताले उहाँका उत्तराधिकारी तथा सुयोग्य पुत्र जनरल कीम जोङ इललाई बस्न अनुरोध गरे तापनि उहाँले सो दरबार आफ्ना महान पिताको स्मारकको रुपमा विकास गराउन लगाएका रहेछन्। त्यही क्रममा त्यस दरबारको आमरुपमा जिर्णोद्धार गरिएको रहेछ र सर्वोच्च नेता कीमको पार्थिव शरीरलाई कोरियाली वर्कस पार्टीको झण्डाले छोपी कोरियन ढाँचाको तकिया उहाँको शीर र मुहार देखिने गरी ऐनाको बाकसमा त्यहाँको एक विशाल कक्षमा राखिएको रहेछ।

त्यसैगरी अर्को कक्षमा जनरल किम जोङ इलको शरीर पनि राखिएको रहेछ। १ लाख १५ हजार वर्गफिटमा फैलिएको यो स्मारक कुनै पनि कम्युनिष्ट नेतामा समर्पित विश्वकै ठूलो स्मारकभित्र पर्दो रहेछ। यस महलभित्रका कुनै कुनै कक्षहरू त ३३ हजार फिट लम्बाइका पनि रहेछन्। यस महल अगाडिको चोक १६ हजार फिट लम्बाइको रहेछ। जसको उत्तरी र पूर्वी साइडमा रहेको गहिरो खाल्डोमा पानी जम्मा गरिएको रहेछ। ८ अगष्टको बिहान हाम्रो प्रतिनिधि मण्डललाई त्यहाँ अवलोकन गराउन लग्दा त्यस दिनको पहिलो अवलोकन गर्ने समूह हामी नै थियौं। १०।१५ जनाको समूहमा गाइडले विना टिकट प्रवेश गराउँदो रहेछ। भूमिगत टनेल भएर त्यस स्मारकभित्र प्रवेश गर्ने र प्रवेश गर्दा जुत्ता सफा गर्ने भूइँमा रहेको मेसिनमा टेकेर अगाडि बढ्नुपर्ने रहेछ। करिडोरबाट अगाडि बढिरहँदा सर्वोच्च नेताको सम्झनामा गाइएको राष्ट्रिय गीतको मधुरो धुन बजिरहेको सुन्न पाइँदो रहेछ। ज्यादै सफा, स्वच्छ वातावरण, मन्त्रमुग्ध व्यवस्थापन र सुरक्षाकर्मीको प्रभावपूर्ण निगरानीमा रहेको हरेक कक्षमा राष्ट्रपति किमले आफ्नो जीवनकालमा प्रयोग गर्नुभएको सबै सामानहरू जस्मा पहिरनदेखि गाडी, रेलको डिब्बासम्म पनि प्रदर्शनमा राखिएका रहेछन।

त्यसैगरी अर्को कक्षमा विश्वका विख्यात नेताहरू, संघसंस्थाहरूले राष्ट्रपति किमलाई सुशोभित गरिएका उच्च ओहोदाको तक्मा, प्रशंसापत्र र विश्वका नेताहरूसँग भएका राष्ट्रपति कीमको भेटघाट भलाकुसारी हुँदाका विशाल तस्बिरहरू तिथि, मिति र ब्यहोरासहित सजाइएका रहेछन्।

त्यस्तै अर्को कक्षमा माउण्ट पेकटुको पृष्ठभूमिमा महान नेताद्वय कीम इल सुङ र कीम इल जोङको उभिएको मूर्ति सजाइएको रहेछ। हरेक अवलोकन गर्न जाने व्यक्ति स्वदेशी वा विदेशी जो भए पनि उक्त दुई मूर्तिको अगाडि पुगेर निहुरियर श्रद्धा तथा सम्मान व्यक्त गर्नुपर्ने रहेछ। जसरी यस स्मारकभित्र राष्ट्रपति कीम इल सुङको पार्थिव शरीर र उहाँले आफ्नो जीवनकालमा प्रयोग गर्नुभएको वस्तु, प्राप्त गर्नुभएका सम्मान, उपहारहरू र विश्वका नेताहरूसँग भेटघाट भएका तस्बिर सजाइएका छन्। त्यसै गरी उहाँको छोरा जनरल किम जोङ इलको पार्थिव शरीरलगायत उहाँले आफ्नो जीवनकालमा प्रयोग गर्नुभएको वस्तु, प्राप्त गर्नुभएका सम्मान, उपहारहरू र विश्वका नेताहरूसँग भेटघाट भएका तस्बिर सजाइ प्रदर्शनमा राख्ने निर्णय १२ जनवरी २०१२ मा गरी १६ फेब्रुअरी २०१२ मा उहाँको ७०औं जन्मजयन्तीको अवसर पारेर यस स्मारक सर्वसाधारणको अवलोकनको लागि पुनः खोलिएको रहेछ।

करिव डेढ घण्टा लगाएर त्यस स्मारकको अवलोकन गरेपछि मलाई मनमा एक ठूलो कौतुहलता रह्यो। विना शुल्क स्वदेशी विदेशी पाहुना सबैलाई प्रवेश दिलाई अवलोकन गर्न दिइने यस किसिमको विश्वकै विशाल स्मारकको ब्यवस्थापन र संरक्षणको खर्च कसरी जुट्छ भनेर मैले हामी सँगसँगै जानु भएका कोरियाली वर्कर्स पार्टी विदेश विभागका नायव निर्देशक रिलाई सोध्दा उहाँले कोरियाली जनताले दिने चन्दा र सरकारले उपलब्ध गराउने स्रोतले यस विशाल स्मारक क्षेत्रको संचालन भइरहेको बताउनुभयो। अनि फेरि मैले हामी जस्ता विदेशीहरूले आफनो इच्छाले खुसीसाथ चन्दा दिन मिल्छ कि मिल्दैन भनेर सोध्दा मिल्ने भन्ने उत्तर आएपछि मैले दुई सय अमेरिकी डलर, हाम्रा प्रतिनिधिमण्डलका अर्का सदस्यद्वय कृष्णराज दुलाल र वसन्त पाण्डले क्रमशः सय सय गरी जम्मा चार सय अमेरिकी डलर हामीले चन्दा प्रदान गऱ्यौं। सानै भए पनि सानो सहयोग गर्न पाएकोमा हामीलाई त्यसै पनि खुसी लागिरहेको थियो। झन् त्यसमाथि त्यसको पर्सिपल्ट अगष्ट १० तारिखका दिन बेलुका कीम इल सुङ र कीम इल जुङ प्रतिष्ठानले हामी तीन जनालाई प्योङयाङमा रहेको आफ्नो केन्द्रीय कार्यालयमा बोलाई हामीले चन्दा दिएवापत ठूलो सम्मानका साथ हामी तीनै जनालाई प्रमाण पत्र प्रदान गऱ्यो। त्यस कुराले हामीलाई निकै गौरवान्वित मात्रै बनाएन वल्की त्यो क्षण हाम्रो जीवनमा अविस्मरणीय हुन पुग्यो।

कथा

# टुप्पीबाजे

होम सुवेदी

टाउका भरिका कपालमध्ये पाँचभागको एक भाग बराबरको टुपी थियो मेरो। कालो र बाक्लो कपाल थियो। कपालका अरु विशेषता के थिए खुइलिएको तालु पढेकाले थाहा पाइहाल्छन्। टुपी थियो मात्र। यसलाई धार्मिक विधिले शिखा पार्ने काम भने मैले छाडिसकेको थिएँ, देखावटीका रुपमा मात्र शिखा पार्दथें। अरु अरु साथीहरू आफ्नो खायोजियोको बाटो केकेबाट गर्छन् मेरो भने त्यही टुप्पीबाट खायोजियो र पढाइको मेलो भएको थियो बाहुन चरी भएको कारण। मेरो टुप्पी नै उपनामको कारक बनेको थियो।

बिहान बेलुका धोती फेरेर, टुपीको शिखा बाँधेर मन्दिरमा घन्टी बनाउँदै बडो लयालो स्वरमा आरती गाउनु मेरो दैनिकी थियो र यसैबाट मेरो गुजारा चलेको थियो, यो धोती चाहिं नलाउनु परे पनि हुने भन्ने कुरा मनभरि थियो तापनि सकिरहेको थिइँन। एक दिन म भन्दा पनि माथिल्लो पणितले सुरुवाल र कमिज लगाएको देखेपछि मैले पनि नेपालीले इज्जत जमान फुकालेझै धोती फुकालेको थिएँ अनि सुरुवालको मेलो गरेको थिएँ। त्यसो गरेपछि अलिक आधुनिक भएको अनुभव भएको थियो। तर टुपी ता यथावत् नै थियो। यो नभएको भए मलाई कठोर पर्ने रहेछ पढ्न र पेट पाल्न। मेरो टुपी थिएन भने म एक पेट खान पनि पाउँथें कि पाउँदिनथें भन्न गाहारै छ। देखावटीका लागि भए पनि कुनैकुनै पर्वमा पछिसम्म पनि धोती फेरिन्थ्यो। मारबाडी समुदायका महिलाहरूले नुहायो के पणितजी ? भनेर कहिलेकाहीं सोध्थे। नुहाएँ भनेर खुब ढाँटिन्थ्यो। माथिको कुर्ता र तलको धोती सफा गरिन्थ्यो, शुद्ध पारिन्थ्यो। नुहाएर दैनिक रुपमा नुहाउन सक्ने ता कुरै थिएन, भलै जुम्राको खेती लुगामा भएको थिएन। सात आठ दिनमा मात्र नुहाइन्थ्यो। मुखसम्म भने सधैं धोइन्थ्यो। कालिम्पोडको जाडोमा कसरी नुहाउनु ? बर्खाको बेला ता खपिनसक्नु जाडो हुन्थ्यो अनि हिंउँदमा झन् कसरी नुहाउनु। उनीहरू सम्झन्थे पणितले दैनिक नुहाउनै पर्छ। अहिले सम्झन्छु आफूलाई सारै नै ठगिएछ। पूजा गरेर भए पनि मेरो ध्यान भने पढ्नमा थियो। बिहान बेलुका घन्टी बजाइदिएर म तिन ठाउँमा पूजा गर्थें र पेटलाई चारो जुटाउँथें। यो घन्टी बजाउने कुरा अब छाडौं। धेरै घन्टी बजाउने कुरा गरियो भने अब पनि मलाई घन्टी बजाउने निम्तो आउन सक्छ।

यत्रो लर्दु भइसकियो, उस्तै भए छोराछोरीको बाबु हुने बेला पनि भइसक्यो। बेला भइसक्यो मात्र कहाँ अब ? उस्तै हो भने बेला बितिसक्न लाग्यो नि। यो बेलासम्म केके गरिसक्नु पर्ने। केही गर्न सक्या होइन। अरु अरु विषयको ता कुरै छाडौं एउटा जाबो उपनाम पनि राख्न सक्या होइन। कस्तो हुतीहारा नै भइएछ बा'..। उहाँ साथीहरूले उपनाम जति सबै हातपारिसके। मेरा लागि अब एउटा गतिलो उपनाम पनि बाँकी छैन। के भुत्राको उपनाम राख्ने ? मलाई मनमा चिन्ताको भुँवरी मडारिन थालेको निकै भइसकेको थियो, कसैकसैले चार पाँच ओटा उपनाम राखिसकेका थिए भने आफ्नो चाहिं एउटा पनि छैन। उपनाम नराख्नु भनेको लाछी नै ठहरिने कुरा भइसकेको थियो। कालिम्पोंगतिर पढ्न बस्ताको यो मेरो मनको बहको कुरा आज खोल्दैछु धेरै वर्षपछि। नढाँटी भन्दैछु, अलिकति अतलबितल परिगयो भने अघिबाटै क्षमा मागिराख्छु। कुरा अलिकति तलबितल पर्ने खालका जस्तै जस्तै पनि छन्। छोराछोरी मात्र नभई छोरा बुहारी र नातिनातिनाको हजुरबाबु भएको यो मान्छे के लेखिरहेको यस्तो भनेर पर्न सक्छ केही तलबितल। यसैले तलबितल पर्न सक्ला भनेर फेदबाटै क्षमा मागिराखेको।

आजका विद्यार्थीहरूको जस्तो एउटा कुनामा उभिएर मोबाइलमा जे पायो त्यही हेर्न पाउने र छानी छानी रोज्जालाई हातलाउने सुविधा हाम्रो पालामा कहाँ हुनु। मनोरञ्जन भनेको पनि प्रेमपत्र लेखन, सिनेमा घर गमन, बगैंचा भ्रमणहरू मात्र हुन्थे। आज केके छन् मलाई थाहा भएन तर हाम्रो बेलामा कलेज पढ्नुको मूल प्रयोजनहरू दुई ओटा हुन्थे। धेरै विद्यार्थीहरूको पहिलो गाँठी कुरा ता पढाइ नै हुन्थ्यो। यसका साथसाथै लभ गर्ने कुरा दोस्रो प्राथमिकतामा आउँथ्यो। यसलाई अलि इत्रिएको भाषामा तरुनी फकाउनु भनिन्थ्यो, केटाहरू त्यसै भन्थे। मेरा एक जना साथी थिए बिराटनगरनिवासी, उनको नाम नभनौं। उनले छ महिनामा छानी छानी छओटी तरुनी फकाइसकेको हल्ला थियो। यो कुरा साथीहरू जिस्काजिस्कीमा भन्थे म भने सुन्थें मात्र। हो वास्तवमा दोस्रो नम्बरमा पर्ने काम तरुनी फकाउने नै हुन्थ्यो। धेरै साथीहरू कलेजका बगैंचातिर बसेको र एकान्त कुनातिर पसेको देखिन्थ्यो। यसो फूलबारी, सिनेमा घर, कलेजका परिसरहरू यस कामका लागि शुभारम्भका क्षेत्र हुन्थे।

कलेज पढ्दा तरुनी फकाउन चाहिने केही खास प्राविधिक तत्वहरू पनि हुन्थे। ती प्रविधिमा पछि परियो भने रोज्जा रोज्जा तरुनी ता के कसैले छाडेकाहरू पनि फकिन्नथे। यस कामका लागि आवश्यक प्राविधिक तत्वहरू निकै थिए। त्यस्ता तत्वहरूमध्ये सुरुको थियो उपनाम छान्ने। छडी चटक्क पारेर काट्ने वा बाल बनाउने काम अर्को हुन्थ्यो, त्यति बेला नेपाली सिनेमाको कुरा ता छँदै थिएन, हिन्दी सिनेमाको उधुम थियो। सिनेमाका हिरोहरूमध्ये राजेश खन्नाको पनि उधुमै चल्ती थियो। उसैको जस्तो. कपाल पार्नु, उसैको शैलीमा बोल्नु, उसैको शैलीमा गीत गाउनु, उसैको शैलीमा फकाउने विधि प्रयोग गर्नु जस्ता कुराले कामले उधुम मचाएको थियो। राजेश शैलीमा चटक्क पारेर छडी काटेको मान्छेको भाउ नै बेग्लै हुन्थ्यो। उसमाथि डाबर आँवला केस तैल लगायो भने झन भाउ बढ्थ्यो। अरु तैलहरू पनि हुन्थे तर डाबर आँवला केस तैलको सुगन्धमा तरुनीहरू फूलमा भमरो जसरी आउँछन् भन्ने सुनिन्थ्यो। अझ यो बाटोको माथ्लो खुड्किलो एउटा अर्को पनि थियो। छडी काटेर खुस्पाइ साबुनले नुहाउँदै अत्तर छरेर तरुनीहरूका ओरिपरि भुन्भुनाउन सकियो भने मात्र कलेज पढेको सार भएको ठानिन्थ्यो। गाउँ भेकबाट पढ्न आएका छात्रा साथीहरू बाबरी फूलका पत्ताहरूबाट पनि यो कम काट्दथे। पत्ता वा फूलहरू जिउमा घुसारेर महकाउँथे।

आज स्प्रे भने पनि उ बेला इत्र भनिन्थ्यो। त्यो सारै महँगो हुने हुनाले सर्वसुलभ थिएन। इत्र वा अत्तरको महक भनेको उधुमै आकर्षक हुन्थ्यो, यो तरुनी फकाउनका लागि अति नै महत्वपूर्ण सहायक वस्तु मानिन्थ्यो। त्यसका साथ अलिक सहजै फकाउनका लागि उपन्यासहरू पढ्ने बानी बसाउनु पनि एक सरल उपाय थियो। नेपालमा सुवास घिसिंगका र उनैको शैलीमा अरु अरुले पनि फकाउने फर्मुलालाई ध्यानमा राखी लेखेका नेपाली उपन्यास पनि बजारमा थिए। नीलोचोलीले उधुमै मचाएको थियो। एकै बसाइमा नबिसाई पढिसकिने त्यो उपन्यास हाम्रो वृत्तभरि हातहातमा सरिरहेको थियो। उता हिन्दी भाषाका राजपाकेट बुक्सबाट प्रकाशित कर्णेल रन्जितले लेखका अनि गुलसन नन्दाका उपन्यासको पनि भरमार थियो। अझ त्यस्ता लभैलभ गरेका उपन्यासहरू किनेरै पढ्न सकियो भने ता उपन्यास पढ्ने बानी परेका र कसैले फकाइदिए पनि हुन्थ्यो भन्ने भाउ खोज्नेहरू आफैं आइपुग्थे फकाउनै पर्दैनथ्यो। त्यस भन्दा अर्को फर्मुला थियो सिनेमा हेर्न जानु। हप्ताको एक दुई ओटा सिनेमा हेरियो भने चाहे एउटैलाई दोहोरो तेहरो गरेर नै किन नहेरियोस् र यो कुरा तरुनी वृत्तमा फैलाउन सकियो भने तरुनी फकाउने एक लाभदायी फर्मुला हुन सक्थ्यो।

पहिलो सो नै हेरेको कुरा फिंजाउन सकियो भने ता सिनेमाको स्टोरी सुन्नेहरू कलेजका चौरमा अनि "लौ न हाउ, भन न त्यो फिल्मको स्टोरी" भन्दै भमरो झैं भुन्भुनाउँदै आइपुग्थे। मेरा पुरुषमित्र वृत्तमा एक जना साथी थिए धनञ्जय उपनामका। उनी थिए नामी। उनलाई सिनेमाको पहिलो सो नै हेर्नु पर्ने। टिकट ब्ल्याकमा किनेरै भए पनि पहिले सोमा हलमा लागेको नयाँ सिनेमा नहेरी नहुने उनलाई। ऊ बेला नोबेल्टी र कन्चन नामका दुई हल मात्र थिए। दुबै हलका टिकट बिक्रेताका साथ उनले मितेरी साइनो लाइसकेको कारण उनलाई ब्ल्याकमा उति किनिरहनु पर्दैनथ्यो। बिराटनगरमा पनि उनले यो जुक्तीले पहिलो सोमै सिनेमा हेर्ने कुरा वृत्तभित्र छरिसकेका थिए। उनको मूल नाम ता थाहा पनि छैन। कुनै परमेश, कुनै, दिवाना, कुनै मस्ताना, कुनै प्रेरपुजक, कुनै सौदागर अनि कुनै के अनि कुनै के। मूल नाम नै थाहा नपाइने। ती धनञ्जय पनि यता नेपालकै थिए। एक पटक फकाइने पात्र दुबैजनाको एउटी नै परेको विषयमा ती दुईका माझमा भएको फाइट पनि राजेश खन्नाकै जस्तो थियो भन्ने कथा हाम्रो वृत्त भरि फैलेको थियो। जनञ्जयकै विजय भएको कुरा पनि सुनिएको हो। मलाई पनि नेपालतिरकै आफ्नै देशका हिरोले जितेकोमा निकै गर्वको अनुभव भएको थियो। उनको बाँकी परिचय पनि मलाई थाहा छ तर नभनौं। अलिक सम्पन्न परिवारका भएकोले र अहिले निकै उच्च खानदानी भएको कारणले उनको पुरानो सबै कैरन नलाउनु नै राम्रो पर्छ। सबै कैरन हालियो भने ता फेरि पारिवारिक विघटन हुन बेर नलाग्ला। उनले ता एक सानोतिनो उपन्यास लेखेर छपाएका पनि थिए। उपन्यास लेखेर छपाएपछिलाई उनका पछि धुइरो नै भएर लागेको कुरा उनी सुनाउँथे। हो होइन उनै जानून्। यतिसम्म चाहिं सुनाइराखे फरक नपर्ला। यस भन्दा उताको कुरा नसुनाउँनु नै असल हो।

साथीहरूले यसरी तरुनी फकाउनलाई छडी काट्नदेखि भएका नभएका गफहरू छाँट्नमा निकै सफलता पाइसकेका थिए। धनञ्जयको ता कुरै थिएन। उनले ता उपन्यास छपाइ समेत गरिसकेका थिए भने म चाहिं लुते अझै टुपी काट्न पनि डराइरहेको थिएँ। उपन्यास छपाउन ता कता सकियोस्। बिचरा मेरा पिताजीले म पढ्न हिंड्ने बेलामा बाटो खर्चका रुपमा दसाना दिनु भएको थियो। पाठ्यपुस्तक किन्नु ता कता हो कता, उपन्यास किन्ने कुरा नै मेरा लागि आकासको फल थियो भने छपाउने कुरा ता मेरो कल्पनाबाहिरको कुरा थियो।

एक दिन उपनाम राख्न खप्पिस एक साथीलाई मेरो पनि एउटा राम्रो उपनाम राखिदिनुहोस् न भनेर आग्रह गरें। "हुन्छ भोलि सोचेर भनौंला" भने उनले। मलाई ढुक्क लाग्यो। भोलिपल्ट कलेजको गार्डेनमा बसिरहेका थियौं। उनले मेरो उपनाम राम्रो छानिनसकेको कुरा गरे। यसै बेला कुर्बीले मतिर हेरेर भनिन् "उहाँको नाम ता टुप्पीबाजे राखे भैगो नि।" उनले भनेपछि वृत्तमा हाँसो गुन्जियो। मैले भने सारै ठुलो बेइज्जत भएको अनुभव गरें।

भोलिपल्टदेखि मलाई कलेजमा देख्नासाथ धेरैले खिसीको भाकामा सार्वजनिक रुपमा स्वस्ती है टुप्पीबाजे!" भनेर ह्याउन थाले। आफू परस्परमा "गुडमोणिग" भन्ने मलाई भने स्वस्ती है टुप्पीबाजे भन्ने। यसबाट ता मेरो झन् बढी खिसी गरेको मैले अनुभव गरें। अनि सोचें यस टुप्पीलाई नकाटी भएन।

हो, त्यतिबेलासम्म मेरो लामो टुपी मैले छोट्याएको पनि थिइनँ, प्रतिशत कम पनि गरेको पनि थिइँन, मसिनो पनि पारेको थिइनँ। छडी काटेको पनि थिइनँ। मेरो ता पेट पाल्ने माध्यम नै त्यही टुपी थियो। लामो टुपी शिखा पारेर बाँधेर बिहान बेलुका मन्दिरमा घन्ट बजाएर आरती गर्नु नै मेरो दिनचर्या थियो। माथि नै भने नि खायोजियोको मेलो नै त्यही थियो।

पिताको दसाना ता दुई दिनमै सकिसकेको थियो। कताबाट पुग्नु। मेरा लागि राम्रोसँग आरती गाउन जानेको कारणले र यही टुपीका कारणले गर्दा मारबाडीकी पुत्री पो मेरा छेउछाउतिर पर्न थालेकी थिइन्। उनले आमाका साथ कुरा गर्दा "पणितजीको शिखा न्यारो न्यारो हाय। न्यारो कोणी के ?" भनेको सुनेको थिएँ। अनि कसरी म यसलाई फाल्न सक्थें ? तर निन्दा पनि कति सहनु। कलेज जानै हुन्न 'टुप्पी बाजे' को उपनाम छरिन्छ मेरा ओरिपरि। अनि के गर्नु ? मैले यो टुपीको टुपी थाम्न सक्ने स्थिति रहेन।

यही मेरो टुपीलाई हेरेर साथीले मलाई अलिक होच्याएपछि मैले छडी बनाउने र टुप्पी पनि केही छोट्याउने विचार गरेको मात्र थिएँ फेरि पेटै अघि आयो। पहिले त आँट उति आएको थिएन तर सारै नै खसाएर भने यिनीहरूले। फैसला गरे पुरै नकाटे पनि यसको प्रतिशत घटाउँछु भन्नेमा पुगें। एक दिन कपाल काट्ने निधो गरी हजामकोमा गएको थिएँ। टुपी अलिक सानो पारेर जोगाइदेउ है भनेको उसले छाँटिदिएछ। टुपी र कपाल लगभग समान भएको कुरा थाहा पाएँ। म भुतुक्क भएँ। धर्म छोडिएको अनुभव भयो। अब भोलिदेखि पूजारीको जागिर पो जाने हो कि भन्ने लागेको थियो। धन्न मारबाडीकी छोरीले अझ यही नाप नक्सालाई पनि मन पराएकोले जागिर थामिएको थियो। टुपी घटेर हराए पनि मेरो नाम टुप्पी बाजे भयो कलेज जीवनभरि।

ठट्यौली

## ठठ्यौली



● प्रेम ओली
(ढकलपुरे)

१) दाँतै झरेछ
हाँस्दाहाँस्दै दाँतै झरेछ
किनकी त्यो दाँत नक्कली परेछ।
२) ड्राइभर
इलाम लैजा भन्यो लैजान्छ परासी
कसले जाँच गर्ने, कसले गर्ने तलासी
गाडी चलाउने त अर्कै रहेछ यहाँ
यी विचरा नेताहरू त मात्र खलासी।
३) टिकटक
कला हुनेले कला देखाउने
गला हुनेले गला देखाउने
कला पनि छैन गला पनि छैन के देखाउने ?
कि नाटो देखाउने कि निघ्रो देखाउने
तर गजबको कुरो
त्यस्तै देखाउनले लाखौं लाख भ्यू पाउने
त्यो भ्यू पनि तन्नेरी भन्दा
बुढा तन्नेरीबाटै धेरै आउने।

## तिमीसँगका यादहरू...

तिमीसँगका यादहरू भुलाउनलाई पिएँ मैले
मेरो दुखेको मनलाई भुलाउनलाई पिएँ मैले
सक्छौ तिमीले मलाई छोडेर जानलाई
तिमीसँगका यादहरू सम्झना आएर पिएँ मैले

दिएकी थियौ खुसी एक समयसम्मका लागि
तिमीसँग बिताएका क्षणहरू भुलाउनलाई पिएँ मैले
मलाई दिलको राजा भनेर अर्कैको दिलमा बास गर्‍यौ
आफ्नो जिन्दगीलाई धिक्कारेर पिएँ मैले

जीवनभर तिम्रो साथको आशा थियो मेरो
तिमीले बीच बाटोमा छोडी हिँड्दा पिएँ मैले
यो जिन्दगीमा याद तिम्रो आएर मन थाम्न नसकेर
आफ्नै जीवन सिद्धिने गरी आज पिएँ मैले।

**गोविन्दराज ओझा (राजन)**
दिपायल सिलगढी

# खाली पेटमा के खाने के नखाने ?

खानपिनको सिधा सम्बन्ध मानवको स्वास्थ्यसँग जोडिएको हुन्छ। सामान्यतया मानिसहरू खानपिनमा ध्यान दिने गर्दैनन्। अझ घरायसी र बाहिरी काममा उत्तिकै सक्रिय हुने महिलाहरूले स्वस्थकर खानामा ध्यान दिनुपर्ने हुन्छ।

साधारणतया धेरै मानिसहरू बिहानै खालि पेटमा कुन खाना खान हुने वा नहुने भन्नेमा अल्मलिएका पाइन्छन्। कतिपय अवस्थामा गलत खानेकुराको सेवनले शरीरलाई स्वस्थ बनाउनु भन्दा खराब बनाउँदै लाने खतरा रहन्छ। यस्तोमा खाना खाने समयको ज्ञान हुनु हितकारी हुन्छ। विशेषगरी बिहान खाली पेटमा खान हुने र नहुने खान्कीहरूको यहाँ चर्चा गरिएको छ।

## खाली पेटमा खान हुने

**मेथी**

राती भिजाएको मेथी बिहान खाली पेटमा पानीसँग सेवन गर्नु स्वस्थकर हुन्छ। महिला र पुरुषलाई पनि उत्तिकै फाइदा पुग्ने मेथीले विशेषगरी महिलाहरूको लागि बढि लाभदायक रहेको मानिन्छ। मेथीको प्रयोगबाट पेट र हाडजोर्नीको समस्या कम हुने बताइन्छ।

**स्याउ**

खाली पेटमा एउटा स्याउ खानु उपयुक्त हुने सुझाव सामान्यतया धेरै स्थानमा दिइने गरेको छ। बिहानको समय एउटा स्याउको सेवनले शरीरलाई आवश्यक उर्जा प्रदान गर्ने बताइन्छ। स्याउबाट शरीरले भिटामिन सी, एन्टीअक्सीडेण्ट र फ्लेवोनाइड पदार्थ पाउने भएकोले यसको सेवन गर्न चिकित्सकहरूले पनि सुझाव दिने गरेका छन्।

**लसुन**

लसुनले प्राकृतिक एन्टीबायोटिकको रुपमा काम गर्ने बताइन्छ। लसुनमा रोग प्रतिरोधी क्षमता बढाउने, एन्टीभाइरल र एंटीफंगल गुण हने बताइन्छ। यी गुणको कारण मानिसहरू बिरामी हुनबाट बच्न सक्छन्। बिहान एउटा लसुनको पोटी खानु स्वास्थको लागि फाइदाजनक छ। यसको प्रयोग कहिलेकाहीं मात्र गर्नुपर्छ, अधिक प्रयोग गर्दा यसले अन्य रोगको कारण बन्न सक्ने कुरामा शतर्क रहन विज्ञहरूले सुझाएका छन्।

**ज्वानो पानी**

ज्वानोले खानाको स्वाद बढाउने मात्र नभएर यसले मानिसको पाचनक्रिया तन्दुरुस्त राख्छ। दैनिक १ गिलास ज्वानो पानीले शरीरको अनावश्यक वजन घटाउन सहयोग गर्दछ। विशेषगरी महिलालाई ज्वानोको प्रयोगले मधुमेहको सम्भावना कम गर्ने बताइन्छ। स्वस्थ शरीर र मुटु सम्बन्धी रोगबाट बच्न ज्वानो पानी खानु उपयुक्त हुने चिकित्सकले बताएका छन्।

## खाली पेटमा खान नहुने

**चिया र कफि**

बिहान उठ्ने वित्तिकै चिया वा कफि पिउने बानी स्वास्थ्यको लागि लाभदायक नहुने बताएको छ। चिया तथा कफिमा एसिड धेरै मात्रामा हुने हुँदा पेट दुख्ने, ग्याँस भरिने जस्ता अवगुण हुन्छन्।

अझ खाली पेटमा यस्ता चिया तथा कफिको सेवनले अल्सर नै हुने खतरा रहन्छ। चिया तथा कफिमा हुने क्याफिनको कारण यस्तो खतरा हुने बताईएको छ। यसको विपरित बिहान उठ्ने बित्तिकै एक गिलास मनतातो पानी पिउँदा स्वास्थ्यको लागि लाभदायी हुनेछ। त्यसपछि चिया तथा कफि सेवन गरेमा तुलनात्मक रुपमा कम असर पर्ने बताएको छ।

**गोलभेंडा**

विश्वभर नै गोलभेंडाको प्रयोग बढि हुने गरेको छ। गोलभेंडामा कतिपय गुण भएतापनि खाली पेटमा यसको सेवनले पेटलाई नराम्रो असर गर्ने बताइन्छ। यसको प्रयोग बढि हुँदै गएमा पित्तथैली तथा किड्नीमा पत्थर जम्ने समस्या शुरु हुन सक्ने चिकित्सकले बताएका छन्। सोही कारण गोलभेंडाको प्रयोग कम गर्न र खाली पेटमा खाँदै नखान सुझाइन्छ।

**सुठुनी**

सुठुनीको प्रयोग बिहान गर्नु हुँदैन। बिहान सुठुनी खाँदा स्वास्थ्यमा नकारात्मक असर पैदा गर्छ। सुठुनीमा पेक्टिन, टेनिनको मिश्रण हुन्छ। यसले ग्याष्ट्रिक एसिड, पेटमा र टाउकोमा दुःख दिन्छ।

**केरा र दही**

खाली पेटमा केरा, दहिको प्रयोगले स्वास्थमा नकारात्मक असर पुर्‍याउने बताएको छ। केरामा मेग्नेशियम धेरै मात्रामा हुन्छ। खाली पेटमा दहिको सेवनले पेट दुख्ने समस्या आउने उल्लेख गरिएको छ। खाली पेटमा यी वस्तुको प्रयोगले शुलको समस्या पनि देखिने छ।

मानव शरीर स्वस्थ रहन खानपानमा विशेष ध्यान दिनु जरुरी छ। संयमित भएर सहि खाद्यान्नको सेवनले दीर्घजीवन बाँच्न सकिने भएकोले बेलैमा सचेत हुन चिकित्सकहरू सुझाव दिन्छन्। (एजेन्सी)

भूमिका

# जे छ त्यो छ, जे छैन त्यो पनि छ- ६

✍ **डा. खेम कोइराला बन्धु**

दलाइ लामाको दरबारको प्रसङ्ग २६० कि.मि. टाढा चीनको सीमा क्षेत्र कुलुमनाली अरु ५० कि.मि.।

(हिमाचल राज्यभाक्सुकोजिल्लासदरमुकाम काँगडा। पुर्खाको पश्चिमी किल्ला)

देवकोटा न भूतो न भविष्यति भन्न सकिने महान् देवकोटा स्वच्छन्दतावादी सिद्धिचरण–

अध्यात्म दर्शनका प्रवक्ता महान् कवि लेखनाथप्रति कति श्रद्धा यिनको। *(क्रमशः)*

मोहन कोइराला, नेपाली आधुनिक कविताका पिता। (जगदीश, त्रिपाठीबाट बढी चिनाइएका एक युगीन कवि अत्याधुनिक)।

+++

पूर्वीय अध्यात्मका प्रवक्ता (तुलनात्मक दर्शनका अध्येता) अनौठो !

मन मस्तिष्क चिन्तन र मननको– देवकोटाका विद्यार्थी। लेखनाथका विद्यार्थी। समजी एक आदर्श। विश्व साहित्य, कला दर्शन, संस्कृति, राजनीतिका अध्येता।

ब्रिटिस महारानीले नेतृत्व गरेको माउन्टबेटनले युद्ध सञ्चालन गरको सन् १८१४-१८१६ नेपाल-अँग्रेज युद्ध।

यो देखाएर पन्तको प्रश्न छ–

खोइ हाम्रा भानु मोती ! त्यस यताका लेखनाथ, सम, देवकोटा संरक्षित स्थल ! अथवा मल्ल, राणा, शाह, लिच्छवीकालका सरह।

(राणा निवास १४ कि.)


'सिमला आउँछु नभन्नु' आतिथ्यको प्रसङ्ग हो सिमला–

-सन्ध्या ओर्लिदै गयो, धर्तीमा चीसो बढ्दै गयो, रिज परिसरमा बादल व्याप्त भयो– चन्द्रोदय हुने आकाशमा–

कवि कलाकार सङ्गीतकारका चिन्तन–

बच्चन...........को मधुशालामधुवनका कल्पना–

कवि, कलाकार, सङ्गीतकारको कामिनी, काञ्चन,



मदिरा प्रेम,प्रेमी।

सिक्छन्– सचेत पाठकहरू–

रामायणका हनुमान्। पर्वत दब्यो - सञ्जीवनी बुटी- ऋषि तपस्यामा टापु भास्सिएको यस्ता प्रसङ्ग।

यक्ष - याक - याकु - जाखु...शब्द विकासको क्रम कृतिमा पाइन्छन्।

स्टेट म्युजियम- (म्युजियम सुरक्षित राख्नुपर्ने)

सौन्दर्य जताततै – 'हज्जारौ रोपनी माटो'– ऐतिहासिक शान- सौन्दर्यको ......–

ग्रिष्मकालीन खाट, दराज आदि ....।

म्युजियम (१८८४-८८ मा ८४० कर्मचारीको जगजगी) राजा महाराजाहरूको सुरक्षा।

जगदीशको अतिथि सन्दर्भ पत्नी भन्छिन्–

'तपाईं जाने भएपछि 'तेजोमय अनुहार' निहुरियो।

पाहुना आएमा सह, माग्ने आंशिक आएका ठान्ने। (उनकी आमाको आशिष। (सबैकी आमा उनकी आमा।)

+++

प्रसङ्गवश विभिन्न कुरा आउँछन्– भारतीय दूतावासको घटना।

चिनजानबाट काम हुने भन्ने - सांस्कृतिक र डेपुटी चिफ मिसन राजदूत

कल्चर काउन्सलर यौटा घटना - राष्ट्रवादी चेतना पटक पटक नेपालमा –

भारतको दबाब - गिद्धे दृष्टि।

नाकाबन्दी- नेपालको २०४५-२०४६ को, पछि २०७२/७३ दिल्लीको गिद्धे दृष्टि। मधेशीप्रति पक्षपात – ..... दिल्लीको 'सुगा रटाइ'। वामहरू भन्छन्– भारतको नदी नालाको सम्पदा खाने दाउ।

'नीलकण्ठ ही दुनियाँ करता शिव का गान'

'अर्को देशको संविधानमा धावाको नैतिकता !' केशव बडाल प्रश्न गर्छन्– जसमा सहमत-पन्त टोली। (नेपालको सुप्रसिद्ध लेखक/पत्रकारको समूह।

मूल कुरा 'नियत' को प्रश्न ! (निहुँ खोज्ने दाउ)।

जगदीशको लेखनको भाषा शैली टिप्छन् –

'जो सेतो ख्याकमा अविश्वास लिएर पस्न खोज्छ,
उसले यो आख्यान मा प्रवेश पाउने छैन,
जसले आफ्नो सेतो ख्याक च्यापेर पस्न खोज्छ,
उसले यो आख्यान मा प्रवेश पाउने छैन।
मोहन कोइराला, इलियट/नेपाली इलियट।

जगदीशले नेपाली भाषाको सेवा नेपाली साहित्यको सेवा पर्याप्त गरेको तथ्य।

आज जगदीशसमशेर राणालाई, कवि, समालोचक, विचारक र संस्कृति तथा राजनीतिक क्षेत्रमा समेत चहार्ने व्यक्ति भनेर धेरैले चिन्छन्। २००३ सालमा अठार वर्षकै उमेरमा उनले आफूलाई अँग्रेजी सिकाउने गुरु महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनको समीक्षा 'मुनामदन भ्रमण' नामक पुस्तक लेखेर प्रकाशित गरेका थिए भने २००४ र २००५ सालमा काठमाण्डूमा सम्पन्न प्रथम तथा द्वितीय ऐतिहासिक कवि सम्मेलनको समायोजनमा उनको प्रमुख भूमिका। उनी भन्छन्– 'तेस बखतको जंगीलाठ बबरसमशेर राणाको नाति र तत्कालीन शिक्षा डाइरेक्टर जनरल मृगेन्द्रसमशेरको छोरा भएर सिंहदरबारमा नजन्मिएको भए; तेस्तो कडा हुकुमी शासन चलेको बेला, मैले यत्रो कवि-लेखक र श्रोताहरूको जमघट गराउने कुरा सम्भवतः सोच्नै सक्तैनथैं।' टिप्छन्– (नेपाली भाषा-साहित्यको ऐतिहासिक सन्दर्भको ऐतिहासिक घटना)

*(क्रमशः)*

# कसरी बनाए ली क्वानले समृद्ध सिंगापुर




विष्णु भट्टराई

नेपाली नेताहरू नेपाललाई सिंगापुर बनाउँछु भन्दै भाषण गर्छन् । सत्तामा पुग्छन् तर सिंगापुर बनाउने कुरालाई भने चटक्कै बिर्सन्छन् । देशको समृद्धि प्रणालीले गर्छ कि नेतृत्वले ? यो प्रश्न निकै पेचिलो छ । तर सिंगापुरको उदाहरण हेर्ने हो भने प्रणालीले होइन, कुशल नेतृत्वले राष्ट्र समृद्ध बनाउँदो रहेछ भनेर बुझ्न सकिन्छ । तत्कालीन केपी ओली नेतृत्वको वामपन्थीहरूको झन्डै दुई तिहाई नजिकको बहुमतको सरकारले नेपाललाई समृद्ध बनाउने नारा रणनीतिक रुपमै तयार गरेको थियो । 'सुखी नेपाली समृद्ध नेपाल' यो नारालाई केवल नाराका रुपमा मात्र सीमित राखियो । हो, ओलीले विकास र समृद्धिका सपनाहरू नेपाली जनतालाई नदेखाएका होइनन्, तर उनले आफ्नो ५ वर्षे कार्यकाल पूरा गर्न पाएनन् । जनादेश प्राप्त प्रधानमन्त्रीलाई सर्वोच्च अदालतको परमादेशले विस्थापित गर्‍यो । यो दुनियाँकै संसदीय इतिहासमा अनौठो घटना मानिन्छ । वास्तवमा मुलुक प्रणालीले होइन, नेतृत्वले बन्दो रहेछ भन्ने कुरा सिंगापुरका संस्थापक नेता ली क्वान युले सिद्ध गरिदिएका छन् ।

ली एसियाका तानाशाही शासकमध्येका एक थिए जसले गरिब देशहरूमा तीव्र गतिमा आर्थिक उन्नतिका सम्भावना देखे । यस्ता अन्य शासकहरूमा दक्षिण कोरियामा पार्क चुङ ही ताइवानका च्याङ काइसेक, मलेसियामा डा. महाथिर मोहम्मद र इन्डोनेसियाका सुहार्तो थिए । जस्ले साम्यवादको पतन हुने अपेक्षा गरेका थिए । यी देशहरूले आफू निश्चित तहको समृद्धिमा पुगे लगत्तै दुई ठूला चुनौतीको सामना गर्नुपरेको थियो । पहिलो सन् १९९७ को क्षेत्रीय आर्थिक संकट उनीहरूको एसियाली आर्थिक मोडलका लागि अम्लीय परीक्षण थियो, उत्पादनको व्यापक वृद्धिका आधारमा दिगोपन हासिल गरिरहेको तीव्र वृद्धिलाई । सिर्जनशीलताको आवश्यकता पर्ने प्रणालीले विस्थापित गर्‍यो । दोस्रो समृद्धिको फैलावटले तलतिरबाट बढी राजनीतिक स्वतन्त्रता सिर्जना गर्‍यो, यस मामिलामा पूर्वी एसियाभरमा असमान प्रगति देखियो तर निरंकुशतन्त्र पछाडि फर्किरहेको छ । उनले आफ्नो जीवनको पछिल्लो समयमा प्रायःजसो सिंगापुर जान अर्थतन्त्र भएर आउनुपर्छ उनको पिपुल्स एक्सन पार्टीले नयाँ समयलाई अंगिकार गर्नुपर्छ भन्ने कुरा बताइरहे । लीका आलोचकहरूको कमी भने रहेन, चाहे सिंगापुरका अभिव्यक्ति स्वतन्त्रताका बाधाहरूका बारेमा होउन वा केही उनका राजनीतिक रुपले बडी गलत दृष्टिकोणका बारेमा होस् दुवै पक्षका आलोचकहरूको कमी थिएन ।

सिंगापुर केही एसियाली देशहरूमध्ये एक थियो जसले व्यापक नीतिहरूको अनुशरण गर्‍यो जसले व्यापक गरिबीलाई कम गर्‍यो, घरेलु वचतको उच्चस्तर, व्यापक खुलापन, प्रतिस्पर्धी विनिमय दर, मानव पुँजी र असल पूर्वाधारमा लगानी जस्ता नीतिहरूको व्यापक अनुशरण गर्‍यो । लीले एसियाका सिनिक सभ्यतामा आधारित कन्फ्युसियन मूल्य मान्यताको तर्क अघि सारेका थिए जसले उनीहरूलाई दोस्रो विश्वयुद्धपछि तीव्र गतिमा अघि बढ्न मद्दत गर्‍यो । उनले आफ्नो आत्मकथामा भारतले आफ्नो सम्भाव्यतालाई लामो समयसम्म निष्क्रियतामै राखिरहेको उल्लेख गरेका छन् तर उनी चीनप्रति भने बढी विश्वस्त थिए । उनले अवसरको प्रतिक्षा गर्ने समाजवादी (फेबियन सोसलिस्ट) का रुपमा राजनीति सुरु गरेका थिए । जातिवादी दंगाकारी र कम्युनिस्ट विद्रोहीबाट जोगाउँदै उनले मलाया संघबाट सन् १९६५ मा बाहिरिएको सानो सहर सिंगापुरलाई विश्वका मुलुकहरूको शीर्षस्थानमा पुर्‍याए । सिंगापुर अहिले नियमित रुपमा विश्वका विभिन्न देशहरूको सूचीमा व्यवसाय गर्न सहज रहेका मुलुकहरूमध्ये अग्र स्थानमा छ, त्यहाँ स्थायी कर छ । विधिको शासन सर्वोपरि छ, भ्रष्टाचारको अवस्था अज्ञात छ । सिंगापुरको चाखलाग्दो विषय भनेकै त्यहाँको आर्थिक मोडल हो जहाँ स्वतन्त्र बजारका उपलब्धिहरू सन्तुलित छन् जुन सरकारी स्वामित्वका सफल कम्पनीहरूको श्रृंखला, सरकारी आवास परियोजनाहरूले अधिकांश नागरिकलाई घर दिएको छ र राष्ट्रिय सञ्चयकोषको मार्फतबाट अनिवार्य बचतबाट यस्तो सन्तुलन कायम भएको छ ।













उनी गम्भीर थिए तर विवादास्पद चिन्तक पनि । उनको विश्लेषण विधि झन्डै बेवेरियन जस्तो थियो । बेवेरियन पथ जसले सभ्यतासम्बन्धी मूल्यमान्यताहरूलाई प्राथमिक बनायो । जर्मन समाजशास्त्री माकस बेबरले करिब एक सय वर्षअघि प्रोटेस्टेन्ट मूल्यमान्यतामा आधारित दर्शन अघि सारेका थिए जसले केही देशमा तीव्र गतिले विकास गर्‍यो । लीले सिंगापुरको भाग्य परिवर्तनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनी यसका लागि एक साझा दृष्टिकोणमुक्त समग्र टिमको प्रयास भएको भन्दै यसको श्रेय सबैलाई दिन्छन् जसलाई उनी 'एक व्यापारिक एवं कडा परिश्रम गर्ने मानिसहरू, जसलाई विश्वास गरियो' भन्छन् । ली सानो व्यापारिक बन्दरगाह जस्तो क्षेत्रलाई एकम समृद्ध राष्ट्रको रुपमा चमत्कारिक रुपान्तरण गर्ने कार्यका अगुवा थिए । उनी विश्वव्यापी रणनीतिक मामिलाका बारेमा तीक्ष्ण बुद्धिका चिन्तकमध्ये एक थिए । अझ स्पष्ट एवं कठोर बोल्ने बानी उनको बुद्धिमताभन्दा सधैं चर्चित रह्यो । उनी पश्चिमा उपदेशप्रियथताका लागि कटु आलोचक थिए । उनको अनुभव थियो पश्चिममा जे कार्य हुन्छ त्यो एसियामा आवश्यक हुन सक्दैन यद्यपि यस्तो सापेक्षिकतावादको केही मानिसबाट गलत दुरुपयोग हुन सक्छ । लीको विश्वास थियो कुनै पनि देशको रेकर्डलाई उसको ऐतिहासिक, सांस्कृतिक र संस्थागत वास्तविकताको पृष्ठभूमिका आधारमा निर्णय गर्नुपर्ने हुन्छ । उनका एसियाली मूल्यमान्यताहरू १९९० को दशकमा उदाएका थिए जुन व्यापक रुपमा सामान्यीकरण गर्नका लागि थिएनन् । उनी सानो मञ्चका विशालकाय व्यक्तित्व थिए । उनको प्रतिष्ठा वजनदार थियो, वास्तवमा उनले विश्व समुदायलाई नै निर्देशित गरे भन्नु अत्योक्ति हुने छैन ।

पूर्व प्रधानमन्त्री लीले सन् १९९० सम्म ३० वर्ष सिंगापुरको नेतृत्व गरेका थिए । यस अवधिमा उनले एसियाकै गरिब मानिएको टापु राष्ट्र सिंगापुरलाई बलियो आर्थिक केन्द्रमा रुपान्तरण गरेका थिए । लीलाई सिंगापुरका नागरिकले राष्ट्रपिताका रुपमा पनि सम्मान गर्छन् । अपराध र भ्रष्टाचार अति न्यून रहेको आधुनिक सिंगापुर विकासमा संसारकै उदाहरणका रुपमा रहेको छ । लीका पुत्र एवं सिंगापुरका प्रधानमन्त्री ली एचसित लुङले सिंगापुर विश्वमा एक्लै रहेका बेलजा र विश्वमा विकासको गतिमा यसको मापन नभएको समयमा लीले देशको नेतृत्व गरेर वर्तमान सिंगापुर निर्माण गरेको बताएका छन् । उनले वर्तमान सिंगापुरको निर्माणमा लीको योगदानको उच्च मूल्यांकन हुनुपर्ने भन्दै उनीजस्तो विकासप्रेमी र देशभक्त नागरिक सिंगापुरमा पाउन गाह्रो रहेको भनेका छन् । ली सिंगापुरका संस्थापक मात्र नभई दक्षिणपूर्वी एसियाली राष्ट्रिय संगठन (आसियन) का पनि सहसंस्थापक नेता थिए । पचास वर्ष अघिसम्म मलेसियाको माछा मार्ने ठाउँ थियो सिंगापुर टापु । प्राकृतिक स्रोत साधन नभएको त्यही टापुलाई विश्वकै समृद्धशाली मुलुकको उचाइमा पुर्‍याए । सन् १९५९ मा बेलायती उपनिवेशबाट स्वतन्त्र भएदेखि सन् १९९० सम्म ली सिंगापुरका प्रधानमन्त्री थिए । जीवनको उत्तरार्द्धसम्म उनी सिंगापुरलाई विकसितत मुलुकको हैसियतमा पुर्‍याउन तल्लीन रहे । उनी दुनियाँकै एक कुशल र सफल शाासकमा गनिन्छन् । उनी जीवनभर जेका लागि बाँचे, जे सपना देखे त्यसलाई अविचलित रुपमा 'फलोअप' गरिरहे र आफ्नै जीवनकालमा सिंगापुरलाई समृद्ध राष्ट्र बनाएरै छोडे । त्यही कारण उनलाई राजनीतिक विचारधारामा असहमत हुनेहरूले पनि कुशल शासकका रुपमा सम्मान गर्न कन्जुस्याइँ गर्दैनन् । सिंगापुर र संसारमै लीले कुशल, कठोर, सदाचारी, दूरगामी, प्रयोगशील र व्यावहारिक विशिष्ट छवि बनाएका छन् ।

उनको नेतृत्वलाई विश्व समुदायले अधिनायकवादी भनेर विरोध पनि गरेको थियो । देश चलाउने उनको अधिनायकवादी शैलीले नै सिंगापुरको कायापलट गर्‍यो । छोटो समयमै सिंगापुर विश्वको प्रमुख तथा व्यापारिक तथा आर्थिक केन्द्रका रुपमा स्थापित भयो । सिंगापुरको कार्यकुशलता र भ्रष्टाचारमुक्त समाजले विकसित पश्चिमा राष्ट्रहरूको शिरलाई समेत झुकाइदियो । सन् २०११ को आम निर्वाचनमा आइपुग्दा ली क्वानको पार्टी विरुद्ध आवाज उठ्यो । विपक्षी दलले पहिलेभन्दा बढी स्थानमा विजय प्राप्त गरे । लीले सिंगापुरको नेतृत्व गर्न विशेष रुपले व्यवस्था गरिएको मन्त्रीहरूका अभिभावक (मिनिस्टर मेन्टर) बाट राजीनामा दिए । त्यही निर्वाचनदेखि सिंगापुर अधिनायकवादबाट लोकतन्त्रतर्फ अभिमुख भएको छ र यो क्रम निरन्तर छ ।

सन् १९६३ मा सयभन्दा बढी राजनीतिज्ञ र युनियनका नेताहरू राष्ट्रलाई खतरा पुर्‍याएको भन्दै थुनिए । त्यसले पिपुल्स एक्सन पार्टीलाई शक्तिशाली बनायो । विरोधी दल बार्सियन सोलियासिस कमजोर भयो । सन्१९८६ मा प्यापले संसदको ५८ सिटमा ५८ सिट नै जित्यो । त्यसपछि विरोधीहरू कहिल्यै उठ्न सकेनन् । स्वतन्त्रताको वैचारिक अवधारणाप्रति क्याम्ब्रिजमा शिक्षित लीको कुनै रुचि थिएन । एक अधिवक्ताका रुपमा स्वतन्त्रताको अवधारणाप्रति उनी जानकार थिएनन् भन्न सकिन्न । स्वतन्त्रताले पेट भरिँदैन, स्वतन्त्रताको प्रयोग गर्नेहरूलाई पाखा लगाउनुपर्छ भन्ने उनले जापानी व्यवसायबाट सिकेका थिए । 'मैले कसरी शासन गर्नुपर्छ भन्ने सिकें, बेलायती र जापानीहरूले जसरी शक्तिको प्रयोग गरेर कसरी जनतालाई तह लगाउनुपर्छ भन्ने जानें, ली भन्ने गर्थे । उनी बहुजातीय समर्थक थिए । त्यसैले उनले अतिवादी र कम्युनिस्टहरूलाई आन्तरिक सुरक्षा ऐन प्रयोग गरी वर्षौंसम्म गैरन्यायिक हिरासतमा राखे । उन्नत बच्चा पाउन प्रतिभाशाली नागरिकबीच जबर्जस्ती बिहे गराइदिने विरोधीहरूलाई नैतिक कारबाही जस्ता कामले उनलाई एक तानाशाहका रुपमा हेरिन्छ ।

सन् १९६५ मा जब सिंगापुर मलेसियाबाट छुट्टियो, त्यो समयलाई ली 'कठोर समय' का रूपमा सम्झन्थे । त्यतिबेलासम्म सिंगापुरसँग स्वतन्त्र राष्ट्र बन्न चाहिने कुनै पूर्वाधार थिएन । देश आन्तरिक द्वन्द्वमा जकडिएको थियो । प्राकृतिक सम्पदाको कमी थियो । पिउने पानीमा समेत आत्मनिर्भर थिएन । नयाँ मुलुक स्थापना गरेर अघि बढ्न सक्ने उचित अन्तर्राष्ट्रिय वातावरण पनि थिएन । सिंगापुरे समाजमा चिनियाँ, मलाया र भारतीयहरूको दबदबा थियो ।

'सिंगापुर कसरी सिंगापुर भयो भनेर थाहा पाउन यसको इतिहास जान्न जरुरी छ,' उनले २००७ को अन्तर्वार्तामा भनेका थिए, 'हामीसँग राष्ट्र बनाउन आवश्यक सामान्य कुरा पनि थिएनन् । न जनसंख्या न त साझा भाषा-संस्कृति । इतिहास भनेको लामो हुन्छ । त्यसमा मेरो सानो योगदान मात्र हो ।"

लीको 'सिंगापुर मोडल' लाई 'नम्र अधिनायकवाद' को नमुना भनेर आलोचना गरिन्थ्यो । जसमा राजनीतिक शासन प्रणाली केन्द्रीकृत भए पनि सरकार स्वच्छ छविको थियो भने आर्थिक नीति उदार थियो । केन्द्रीकृत शासन प्रणालीका कारण प्रतिपक्षी दलहरू दबाइएका थिए । वाकस्वतन्त्रता थिएन । यद्यपि, यही शासन प्रणालीलाई 'एसियाकै नमुना' का रूपमा प्रशंसा नगरिएको होइन । कतिपय एसियाली मुलुकले त यहाँकै राजनीतिक प्रणाली अनुशरण गर्न अध्ययनसमेत गरेका थिए । खासगरी, चीन सिंगापुरको शासन प्रणालीको खुलेर प्रशंसा गर्थ्यो । विख्यात राजनीतिक विश्लेषक चेरियन जर्जले लीको नेतृत्वलाई 'डर र प्रभावको अनौठो संयोग' भनी टिप्पणी गरेका छन् ।

लीको प्रभाव कम हुँदै गएपछि उनको शासन प्रणालीलाई उदारवादी नयाँ पुस्ताले कसरी अंगीकार गर्दै अघि बढाउँछ भन्ने प्रश्न उठेको छ । जम्मा ५६ लाख जनसंख्या रहेको सानो मुलुक सिंगापुरले भविष्यमा आउने ठूला समस्या कसरी सामना गर्ला भन्ने प्रश्न पनि यदाकदा उठ्ने गरेको छ ।

अन्तर्राष्ट्रिय राजनीतिक खिचातानीबाट टाढै रहन रुचाउने सिंगापुरलाई आफ्नो राष्ट्र र राष्ट्रबासीको जीवन पद्धतिसँग मात्र मतलब छ । उनीहरूले यसलाई 'फाइभ सी' को संज्ञा दिएका छन्- क्यास (पैसा), कोन्डो (आवास), कार (गाडी), क्रेडिट कार्ड र कन्ट्री क्लब ।

केही समययता भने विश्वका धेरै राजनीतिक वेबसाइट तथा ब्लगमा ली र उनको शासनविरुद्ध धेरै नकारात्मक टिप्पणी आउन थालेका थिए । तर, सिंगापुरबारे थोरै मात्र ज्ञान भएकाहरूमाझ पनि लीको छवि राम्रो छ । उनलाई विश्वले राष्ट्रवादी नेताका रूपमा चिन्छ जसले समाज परिवर्तन आफैंबाट सुरु गर्नुपर्छ भनेर सिकाए । उनी जनतालाई हाँस्न अभिप्रेरित गर्थे, चुइगम चपाएर वा बार्दलीबाट फोहर बाटोमा नफाल्न आग्रह गर्थे ।

लीले शासन व्यवस्था तथा राजनीतिमा पूर्ण पकड जमाइराख्न धेरैखाले संयन्त्र निर्माण गरेका थिए । उनको शासनमा सरकारलाई गालीगलौच गर्नु ठूलै अपराधका रूपमा स्थापित थियो । विपक्षमा उभिएर नकारात्मक टिप्पणी गर्नेलाई उनी गाली-बेइज्जती मुद्दा हालेर ठूलो धनराशि जरिवाना तिराउँथे । विपक्षीहरू कहिलेकाहीं त टाटै पल्टन्थे । केही पटक त 'द इन्टरनेसनल न्युयोर्क टाइम्स' ले पनि यस्तै मुद्दाका कारण क्षतिपूति तिर्दै माफी माग्नुपरेको थियो । उनी आफूलाई राजनीतिका "डन" भन्न गर्व गर्थे जोसँग मान्छे प्रेम गर्दैनथे, बरु डराउँथे ।

सिंगापुरलाई भ्रष्टाचारमुक्त देश बनाउनकै लागि त्यहाँ एउटा नीति अंगीकार गरिएको थियो- सरकारी सेवामा रहेका ठूला अधिकारीको तलबसुविधा निजी क्षेत्रमा कार्यरत प्रमुख कार्यकारीसरह हुने । यसले सिंगापुर विश्वमै सरकारी कर्मचारीलाई धेरै तलब दिने राष्ट्रमा चिनियो ।

सिंगापुर स्वतन्त्र भएको १६ वर्षपछि सन् १९८१ मा मात्र विपक्षी नेता जेयारेत्नाम संसदमा एक सिट जित्न सफल भएका थिए । त्यसपछि सन् २००६ मा संसदको कुल ८४ सिटमध्ये दुई सिटमा जित हासिल गरे । सन् २०११ को आमनिर्वाचनमा भने विपक्षीले अप्रत्यासित रूपमा ६ सिट जित्यो । ४० प्रतिशत पपुलर भोट पनि प्राप्त गर्‍यो । त्यसपछि मात्र लीको पार्टीले राजनीतिक परिवर्तन गर्नुपर्ने समय आएको महसुस गरेको थियो ।

लीले अंग्रेजी भाषाको प्रयोगलाई बढावा दिए । चिनियाँ, मलाया र भारतीयहरूको बाहुल्य भएकाले साझा भाषाका रूपमा अंग्रेजीको विकल्प छैन भन्ने उनलाई लागेको थियो । अंग्रेजी भाषालाई बढावा दिए व्यापार तथा लगानी ल्याउन सजिलो हुन्छ भन्ने पनि उनको सोच थियो । यसमा उनी सफल पनि भए । उनको यही सोचको परिणाम मान्नुपर्छ, सिंगापुर विश्वकै एक आर्थिक केन्द्रका रूपमा उदायो । अहिले पनि सिंगापुर विश्वकै सुन्दर र विकसित देश मानिन्छ ।

# जापानले नेपाललाई १६ अर्ब सहायता दिने

काठमाडौं । नेपालको विद्युत् प्रसारण लाइन र सिँचाइ प्रणाली सुधार गर्न जापानले करिब १६ अर्ब रुपैयाँ सहायता दिने भएको छ । जापानले तराई क्षेत्रको सिँचाइ प्रणाली सुधारका लागि दुई अर्ब अनुदान र सहरी क्षेत्रको विद्युत् प्रसारण लाइन सुधारका लागि १४ अर्ब ऋण सहायता दिने भएको हो ।

सहुलियतपूर्ण ऋण र अनुदान सहायता परिचालन गर्न नेपाल सरकार र जापान सरकारबीच बुधबार सम्झौता भएको हो । पूर्वी तराई क्षेत्रमा सिँचाइ प्रणालीको पुनर्स्थापना सुधार आयोजना कार्यान्वयन गर्न दुई अर्ब २५ करोड जापानी येन (करिब रु. दुई अर्ब रुपैयाँ) अनुदान सहायता र सहरी प्रसारण तथा वितरण प्रणाली सुधार आयोजना कार्यान्वयनका लागि १५ अर्ब जापानी येन (करिब रु १४.२ अर्ब रुपैयाँ)बराबरको सहुलियतपूर्ण ऋण सहायता उपयोग गर्ने सम्बन्धमा बुधबार छुट्टाछुट्टै सम्झौता भएको हो ।

अनुदान सहायताअन्तर्गत मुख्यतया पूर्वी तराई क्षेत्रमा भरपर्दो र निरन्तर सिँचाइ सुविधाका लागि उपयोग गरिनेछ । खासगरी चन्द्र नहर सिँचाइ प्रणालीको मर्मत-सम्भार एवं सुधारका लागि अनुदान प्रयोग गरिनेछ । त्यसैगरी, वार्षिक ०.०१ प्रतिशत ब्याजदर, ३० वर्षको भुक्तानी अवधि र १० वर्षको ग्रेस अवधि रहेको सहुलियतपूर्ण ऋण काठमाडौं र पोखरालगायतका सहरमा प्रसारण चुहावट घटाउन र वितरण प्रणालीको विश्वसनीयता बढाउनका लागि प्रयोग गरिनेछ ।

नेपाल सरकारका तर्फबाट अर्थसचिव कृष्णहरि पुष्कर र जापान सरकारका तर्फबाट नेपालका लागि जापानका राजदूत किकुता युताकाले आदानप्रदानपत्र तथा रेकर्ड अफ डिस्कसनमा हस्ताक्षर गरेका छन् । अनुदान तथा ऋण सम्झौतामा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहयोग तथा समन्वय महाशाखाका सहसचिव ईश्वरीप्रसाद अर्याल र जाइका नेपालका प्रमुख प्रतिनिधि ओकुबो अकिमित्सुले हस्ताक्षर गरेका हुन् । यी दुई आयोजनाको कार्यान्वयनबाट नेपालमा सिँचाइ सुविधाको सुधार गर्न तथा विद्युत् आपूर्तिको विश्वसनीयता बढाउन र प्रसारण चुहावट कम गर्न महत्वपूर्ण योगदान पुग्ने अर्थसचिव पुष्करले बताए ।

नेपाल विद्युत् प्राधिकरणले जापान सरकारको सहुलितपूर्ण ऋणमा काठमाडौं उपत्यका र पोखराको सहरी क्षेत्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली विस्तार तथा सुधार गर्ने भएको छ । जापान सरकारबाट प्राप्त हुने करिब १४ अर्ब दुई करोड रुपैयाँ (१५९.०१ करोड जापानी येन)बाट १३२ केभी क्षमताका पाँचवटा नयाँ सबस्टेसन निर्माण गरिनेछ । सहरी क्षेत्रमा १५ किलोमिटरभन्दा बढी १३२ केभी प्रसारण लाइनलाई भूमिगत गरिने प्राधिकरणले जनाएको छ । जापानको सहयोगमा काठमाडौं उपत्यकाको थापाथली, महाराजगन्ज, राजदरबार तथा सिरुटार र पोखराको बिरौटामा १३२/११ केभीका सबस्टेसन निर्माण गरिनेछ ।

'आयोजनामार्फत काठमाडौंको टेकुस्थित सबस्टेसनबाट करिब दुई किलोमिटर १३२ केभी प्रसारण लाइनलाई भूमिगत गरी थापाथलीमा रहेको स्विचिङ स्टेसनमा ल्याइने, थापाथली स्विचिङ स्टेसनलाई हटाएर त्यहाँ १३२/११ केभीको सबस्टेसन निर्माण गरिने, सबस्टेसनबाट विद्युत् वितरणका लागि ९-१० वटा फिडर निकालिने, बालाजु सबस्टेसनबाट १३२ केभी प्रसारण लाइनलाई नौ किलोमिटरभन्दा बढी भूमिगत केबलमार्फत महाराजगन्ज हुँदै राजदरबार ल्याइने, महाराजगन्ज र राजदरबारमा १३२/११ केभीका एक-एक सबस्टेसन निर्माण हुने, भक्तपुरको सिरुटारमा १३२/११ केभीको सबस्टेसन निर्माण निर्माण गरिने, तीनवटै सबस्टेसनबाट स्थानीय रूपमा विद्युत् वितरणका लागि ९-१० वटा फिडर निकालिने प्राधिकरणले जनाएको छ ।

प्रेरक

## काम लिने तरिका



एउटा खेतमा केही कृषि मजदुर काम गरिरहेका थिए । एकछिन काम गरिसकेपछि सबै एक ठाउँमा बसेर गफ लडाउन थाले । मजदुरहरूको यो चाला देखेर पनि खेतका मालिकले केही भनेनन् । उनी चुपचाप एक्लै काममा लागे । यसरी मालिकले एक्लै काम गर्न थालेको देख्दा मजदुरहरूलाई लाज लाग्यो । उनीहरू पनि खुरुखुरु काममा जुटे । खाजा खाने समय भयो । मालिकले मजदुरहरूलाई भने- दाजुभाइ तथा दिदीबहिनीहरू, तपाईंहरू सबै थाक्नुभयो । अब काम रोक्नुहोस् । पहिले खाजा खानुहोस् र आराम गर्नुहोस् । काम त पछि गरौँला नि ! आखिर काम कहाँ भाग्छ र ?

मजदुरले काम रोकेर खाजा खाए । एकैछिन आराम गरेर उनीहरू सबै तुरुन्तै काममा फर्किए । सबै मजदुरले साँझसम्म डटेर काम गरे र मालिकसित बिदा भएर आआफ्नो घरतिर गए । मजदुर बिदा भइसकेपछि मालिकका सँधियार किसानले प्रश्न गरे- तिमी मजदुरलाई खाजा खान पनि लामै छुट्टी दिन्छौ । आराम गर्न पनि दिन्छौ । तिनलाई कहिल्यै गाली पनि गर्दैनौ । तैपनि, तिम्रो खेतमा मेरो खेतमा भन्दा दोब्बर काम कसरी सम्भव भयो ? जब कि म लगातार मजदुरमाथि ध्यान पनि दिन्छु । काममा ठग्न खोज्नेलाई गाली पनि गर्छु । छुट्टी पनि कहिल्यै दिन्नँ ।

सँधियारको दुखेसो सुनेपछि पहिलो खेतका मालिकले भने- हेर्नुहोस्, म बढी काम लिन मजदुरमाथि कडाइमाथि भन्दा प्रेम र स्नेहमाथि बढ्ता विश्वास गर्छु । उनीहरूलाई सहानुभूति पनि दिन्छु । आराम गर्न पनि दिन्छु । त्यसैले, मजदुर पनि मन लगाएर काम गर्छन् । काममा ठगी गर्दैनन् । त्यसबाट काम पनि राम्रो र बढी हुन्छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

फाइदा मात्र हेर्दा आलोचित भइनेछ । पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ । तर दोहोऱ्याएर प्रयत्न गर्दा काम बनाउन सकिनेछ । हतारको निर्णयले हानि हुन सक्छ, आफ्नो योजना गोप्य राखेर अघि बढ्नुहोला । परिस्थितिअनुसार निर्णय लिन नसक्दा काममा पछि परिनेछ । पारिवारिक मतभेद देखिए पनि आमाको माध्यमबाट काम बन्न सक्छ । यात्राको योग छ ।

### वृष

परिस्थिति अलि संघर्षपूर्ण रहला । चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ । बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ । अप्ठ्यारो पर्दा मान्यजन तथा अग्रजहरूले साथ दिनेछन् । ईर्ष्या गर्नेहरूले सताए पनि अन्त्यमा परिस्थितिले आफ्नै पक्ष लिन सक्छ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने आस मारेको नतिजा सकारात्मक हुने देखिन्छ । यात्राको योग छ ।

### मिथुन

बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला । अध्ययनमा त्यति समय दिन नसकिएला । स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । विचार सम्प्रेषण गर्न केही समय पर्खनु बुद्धिमानी हुनेछ ।

### कर्कट

रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ । खानपानको असावधानीले स्वास्थ्य कमजोर रहला । शक्तिका लागि धाउनेहरूबाट सजग रहनुपर्ला । सरकारी कामकाजमा अलमल हुन सक्छ । आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय छ । शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला ।

### सिंह

व्यवसायमा लगानी बढाउनुपरे पनि लागेको मूल्य उठाउन सकिनेछ । अनियन्त्रित खर्चले मन पिरोल्न सक्छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । चुनौतीका बाबजुद स्वाभिमान रक्षा गर्न सकिनेछ । लामो यात्रा गर्ने अवसर जुट्नुका साथै वैदेशिक क्षेत्र लाभदायक रहनेछ । कामको लागत बढ्न सक्छ । तत्काल फाइदा उठाउँदा पछिको लाभांश घट्न सक्छ । यात्राको योग छ ।

### कन्या

आम्दानीले उत्साह जगाउनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । आवश्यक भौतिक साधन जुट्नेछन् । सञ्चित धनको उपयोगबाट फाइदा हुनेछ । रकम हातलागी भए पनि ऋणभार भने बढ्ने सम्भावना छ । सरसापटमा पनि धन बाहिरिन सक्छ । श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल तत्कालै प्राप्त नहुन सक्छ । लगानी धेरै लागे पनि कम प्रतिफल पाइनेछ ।

### तुला

आफ्ना कमजोरी बाहिरिनाले समस्या पर्ला । सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ । नियमित कामलाई निरन्तरता दिन सकिनेछ । जीवनशैली व्यस्त रहनेछ र उपलब्धिहीन काममा समय बित्न सक्छ । चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । नयाँ योजनातर्फ लगानीमा जोखिम बढ्नेछ । अवसर प्राप्त भए पनि आफ्नैले काम बिगार्न सक्छन् ।

### वृश्चिक

मिहिनेत गर्दा समयमै काम बनाउन सकिनेछ । विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ । नयाँ काम प्रारम्भ हुनेछ भने मनग्य आम्दानी बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । अध्यात्मभाव जागृत हुनुका साथै परोपकारी काम सम्पादन हुनेछ । विगतका कर्मको उचित प्रतिफल पाइनेछ । सहयोगीहरूको साथ जुट्नेछ ।

### धनु

परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । अरूका विषयमा चासो लिँदा व्यर्थै झमेलामा परिनेछ । कामका लागि निकै दौडधुप गर्नुपर्ला । स्वास्थ्यका लागि आहार-विहारमा सजग रहनुपर्नेछ । व्यस्तता बढ्नेछ, स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ । सहयोगीहरू जिम्मेवारीबाट पन्छिन सक्छन् । सम्भावना देखिए पनि न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला ।

### मकर

समय लागे पनि काम बन्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । प्रियजनसँगको सान्निध्यले दिन रमाइलो रहनेछ । अध्ययन, लेखन तथा मनोरञ्जनमा समय बित्नेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ । भौतिक साधन जुट्नेछन् । व्यापारमा आम्दानी बढाउन सकिनेछ । यात्राको योग छ ।

### कुम्भ

ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान् । बलजफ्ती गर्ने बानीले चुनौती निम्त्याउला । परिस्थितिले आकस्मिक खर्च बढाउनेछ । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिएलान् । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला । सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ । लगानीमा जोखिम बढ्नेछ ।

### मीन

अस्वस्थताले लक्ष्यअनुसार काममा जुट्न नसकिएला । अप्ठ्यारा परिस्थिति सुल्झाउनमै समय बित्नेछ । सहयोगीहरू पछि हट्नाले नयाँ काम गर्न समस्या पर्नेछ । व्याहारिक अलमलले आँटेका काममा पनि बाधा पुर्याउनेछ । अप्रिय समाचारले चिन्तित तुल्याउन सक्छ । गुरुजनसँग मतभेद हुनाले अध्ययनमा बाधा पर्नेछ । समयको सदुपयोग गर्न नसकिएला । सो चेको काम पूरा होला । मनोरञ्जनमा ध्यान जाला ।

# विश्व हल्लाउने आठ हस्ती

असफलता जीवनमा एक न एकचोटि आउँछ । यसको सामना गर्नका लागि पूर्वतयारी हुनुपर्छ । यहाँ त्यस्ता असफल व्यक्ति, जो पछि गएर विश्वकै सफल व्यक्ति बने, उनीहरूबारे छोटो चर्चा गरौं ।

### जेके रोलिङ



प्रसिद्ध ह्यारी पोर्टर उपन्यासकी लेखिका हुन्, जेके रोलिङ । उनले हार्वर्ड विश्वविद्यालयमा भाषण दिने क्रममा असफलताको महत्व र मूल्यबारे बोल्दै भनेकी थिइन्, 'म एउटा महाकाव्यकारको रूपमा असफल थिएँ । सानै उमेरमा विवाह भयो । केही समयमै वैवाहिक सम्बन्ध टुट्यो र केही समय बेरोजगार भएँ । बुवाआमासँगै आधुनिक बेलायतका सबैभन्दा गरिब मानिसको सूचीमा सामेल थिएँ । त्यतिवेलासम्म मेरा बुवाआमाको मनमा मेरा बारे जुन डर थियो, जे मैले गरेकी थिएँ, यी दुवै समाप्त भइसकेका थिए । म हरेक सामान्यभन्दा सामान्य मानकमा सबभन्दा ठूलो असफल थिएँ भन्ने कुरा जान्दथेँ ।' रोलिङलाई यही असफलताले सफलताको बाटो देखायो । उनले हार खाइनन्, परिस्थितिको डटेर सामना गरिन् । र लेखनमार्फत विश्वमै आफ्नो नाम चम्काउँदै सफल बनिन् ।

### स्टिभ जब्स




स्टिभ जब्सलाई नचिन्ने मान्छे सायदै कोही होला । टेक्नोलोजी क्षेत्रमा विश्वमै क्रान्ति ल्याउने एप्पलको सुरुवात एउटा सामान्य ग्यारेजमा दुईजनाले गरेका थिए । आज त्यही एप्पल कम्पनी २ अर्ब डलरभन्दा बढी नेटवर्थ भएको कम्पनीका रूपमा चिनिन्छ । साथै, उक्त कम्पनीमा ५ हजारभन्दा बढीले रोजगारी पाएका छन् । यति ठूलो कम्पनीको जग राख्ने उनलाई कुनै समय आफ्नै कम्पनीबाट निस्कासन गरिएको थियो । त्यतिवेला उनले आफ्नो कामप्रतिको लगाव असफलताभन्दा बढी भएको महसुस दिलाए । नेक्टर पिक्सरजस्ता उपक्रमले अन्ततः जब्सलाई एप्पलमा पुनः सिइओका रूपमा पुनरागमन गरायो । सन् २००५ मा जब्सले एउटा भाषणमा भनेका थिए, 'यदि तपाईंहरूको जागिर जान्छ भने त्यसलाई लिएर दुःखी नहुनुहोस् । म एप्पलबाट निकालिनु नै मेरा लागि सबभन्दा राम्रो कुरा भयो, जुन जहिल्यै पनि हुन सक्थ्यो ।'

### बिल गेट्स




विश्वका सर्वाधिक धनीमध्येका एक हुन्, बिल गेट्स । यिनी हार्वर्ड विश्वविद्यालय ड्रपआउट थिए । करिअरको सुरुवातमा ट्र्याफ-ओ-डेटा नामबाट बिजनेसको स्वामित्व लिए । तर, उक्त बिजनेस पूर्णतया असफल बन्यो । यद्यपि, कम्प्युटर प्रोग्रामिङमा उनको सीप र लगावले असफलतालाई प्रसिद्ध सफ्टवेयर कम्पनी माइक्रोसफ्टमा बदलिदियो । त्यतिवेला गेट्स ३१ वर्षका थिए । र, विश्वको कम उमेरका डलर अर्बपति बने । 'सफलताको खुसी मनाउनु ठीक हो । तर, असफलताको पाठमा ध्यान दिन झनै जरुरी हुन्छ,' उनको भनाइ थियो ।

### अल्बर्ट आइन्स्टाइन




आजको समयमा आइन्स्टाइन शब्द रिलेटिभिटी : द स्पेसल एन्ड द जनरल थिअरीका प्रणेता स्वयं आइन्स्टाइन नौ वर्षसम्म धाराप्रवाह बोल्न सक्दैनथे । उनको विद्रोही स्वभावका कारण शिक्षकले स्कुलबाट निकालिदिएका थिए भने ज्युरिख पोलिटेक्निक स्कुलमा प्रवेश दिन अस्वीकार गरिएको थियो । तर, यी सबै असफलताहरूले उनलाई सन् १९२१ को नोवेल पुरस्कार जित्नबाट रोक्न सकेनन् ।

### अब्राहम लिंकन



हामीले अब्राहम लिंकनबारे धेरै पढेका छौं । उनै लिंकन असफलताको एउटा उदाहरण हुन् । सन् १८३१ मा उनी व्यापारमा असफल भएपछि सन् १८३६ मा नर्भस ब्रेकडाउनबाट पीडित भए । सन् १८५६ मा राष्ट्रपतिको दौडबाट बाहिरिए । तैपनि, लिंकन आफ्नो बाटोमा अडिग रहे । 'मेरो चिन्ता तपाईं असफल हुनुभयो वा हुनुभएन भन्ने होइन,' उनले भनेका छन्, 'चिन्ता यो हो कि के आफ्नो असफलताबाट सन्तुष्ट हुनुहुन्छ ?' उनै लिंकन सन् १८६१ मा संयुक्त राज्य अमेरिकाका १६औं राष्ट्रपति चुनिए । राष्ट्रपतिहरूमध्ये सबैभन्दा चर्चित राष्ट्रपतिमध्ये उनको नाम अग्रपंक्तिमा आउँछ ।

### माइकल जोर्डन



बास्केटबल खेलाडी माइकल जोर्डनले नाइकी कम्पनीको एउटा विज्ञापनमा भनेका छन्, 'मैले आफ्नो जीवनमा नौ हजारभन्दा बढी सट, तीन सय बढी खेल गुमाएँ । जीवनमा पटक-पटक असफल भएँ । तर, असफलताभन्दा अघि बढेँ र सफल पनि भएँ । जीवनमा पटक-पटक असफल भएँ । तर, असफलताभन्दा अघि बढेँ र सफल पनि भएँ ।'धेरैलाई लाग्न सक्छ, जोर्डनको बास्केटबल सीप प्राकृतिक थियो । तर, उनका कोचलाई सुरुवाती दिनमा जोर्डन न्यूनतम उचाइमा पनि पुग्न सक्दैनन् भन्ने पीर थियो । तथापि, वर्षौंको प्रयास, अभ्यास र असफलताले उनलाई सफलताको शिखरमा पुऱ्यायो ।

### स्टिभन स्पिलबर्ग



स्पिलबर्गलाई अहिलेसम्मकै प्रभावशाली फिल्मनिर्माता मानिन्छ । उनले विश्वस्तरीय सिनेमा दिए । तर, के तपाईंलाई थाहा छ ? उनी हाइस्कुलमा निकै खराब ग्रेडका थिए । यही कारणले उनलाई दक्षिणी क्यालिफोर्निया विश्वविद्यालयबाट तीनपटक निष्कासन गरिएको थियो । उनै स्पिलबर्गले चर्चित ५१ फिल्म निर्देशन गरे । यस्तै, तीन ओस्कार सम्मानबाट सम्मानितसमेत भइसकेका छन् ।

### वाल्ट डिज्नी



मिकी माउसलाई नचिन्ने कमै होलान्, विश्वमा । यसका निर्माता वाल्ट डिज्नीले सेनामा भर्ती हुने असफल प्रयासमा सानै उमेरमा स्कुल त्यागे । त्यसपछि उनले एउटा लाफ ओ ग्राम स्टुडियो सुरु गरे । त्यो पनि असफल भयो र उनी टाट पल्टिए । फेरि एउटा अखबारमा जागिर खान थाले । त्यहाँबाट पनि उनलाई रचनात्मक काम नभएको भन्दै निकालिए । त्यसपछि डिज्नीले मिहिनेत र भरोसामा उभिएर डिज्नी स्टुडियो सुरु गरे । त्यसपछि उनले पछाडि फर्केर हेर्नुपरेन । उनले एउटा भाषणमा भनेका छन्, 'हामी धेरै बेरसम्म पछाडि फर्केर हेरिरहँदैनौं । अगाडि बढिरहन्छौं, नयाँ ढोका खुल्दै जान्छन्, नयाँ कुरा गर्छौं । कारण, हामी जिज्ञासु छौं । यही जिज्ञासाले हामीलाई नयाँ बाटोमा लैजान्छ ।'

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Phlegmatic = सजिलै विचलित वा नर्भस नहुने । शान्त Especially nurses are phlegmatic in their dealing नर्सहरूको सजिलै विचलित हुने स्वभाव हुँदैन

Querulous = असन्तोषपूर्ण She is by nature querulous तिनी स्वभावैले असन्तोषि छिन्

Reprobate = अनैतिक । सिद्धान्तहीन No one had believed that persons like Madhav could be a reprobate in course of time समयको दौरानमा माधव जस्ता व्यक्ति पनि अनैतिक र सिद्धान्तहीन होलान् भनेर कसैले सोचेको थिएन

Secrete = पैदा गर्नु । निकाल्नु । उत्पादन गर्नु The kidneys secrete urine मृगौलाले पिसाव उत्पादन गर्दछ

Tyro = शिकारु Despite his being tyro, he produced the best result शिकारु नै भए पनि उसको ज्यादै राम्रो नतिजा प्राप्त गऱ्यो

Uproarious = उत्तेजक । हल्लासपूर्ण The comedy presented by him is more uproarious than sataric उसले प्रस्तुत गर्ने हास्य ब्यंग्यात्मक भन्दा पनि हल्लासपूर्ण हुन्छ

Vixen = रिसाह आइमाई He annoyes if someone calls her mother a vixen कसैले उसको आमालाई रिसाह आइमाई भन्यो भने ऊ रिसाउँछ

Waffle = अनावश्यक रुपबाट बढाइ चढाइ लेख्नु, भन्नु वा फलाक्नु He waffled for entire hours but no one listened him ऊ घन्टौं फलाकिरह्यो तर कसैले पनि उसलाई ध्यान दिएन

Xenophobia = विदेशीप्रति धृणा वा डर हुनु Previously she had xenophobia for Africans but later she made a negro friend शुरुमा अफ्रिकन भनेपछि डराउने तिनी पछि त एउटा कालेलाई नै साथी बनाइन्

Amalgamate = एक हुनु, संयुक्त हुनु We activists of Greater Nepal create public opinion in favor of amalgamating the lost territories because of the Treaty of Sugauli again into Nepal हामी विशाल नेपालका पक्षपातीहरू सुगौली सन्धिको कारण गुमेको नेपालको भूभाग पुनः नेपालमा नै एकत्रित गर्न चाहन्छौं

## Buy बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Buy something = केही कुरा किन्नु This year I do not buy anything for Dasai यो वर्ष दशैंका लागि म केही कुरा पनि किन्दिन ।

Buy something for somebody = कसैको लागि केही किनिदिनु This time I buy you a car यस पटक म तिमीलाई एउटा कार किन्दिन्छु ।

Buy for = मा किन्नु She bought new sunglasses for Rs. 1000/- तिनले एक हजारमा घाममा लगाउने चस्मा किनिन ।

Buy victory = विजय हासिल गर्नु To buy victory they are killing even the inncocent people विजय हासिल गर्ने भन्दै तिनीहरू निर्दोष मानिस मारिरहेका छन् ।

Buy somebody = घूस दिनु He tried to buy me but I denied उसले मलाई घूस दिन खोजेको थियो तर मैले मानिन ।

Buy at the expenses of = मूल्यमा किन्नु At the expenses of health I do not dare to do this work स्वास्थ्यको मूल्यमा म यो काम गर्ने साहस गर्दिन ।

Buy a pig in a poke = सोच्दै नसोची किन्नु Those who are frugal do not buy a pig in a poke बचाइ बचाइ खर्च गर्ने मानिसहरू सोच्दै नसोची किन्ने काम गर्दैनन ।

Buy time = ढिला गर्नु For prolonging the discussion, union leaders are buying time any way छलफललाई लम्ब्याउनका लागि श्रम सघसंस्थाका नेताहरू जसरी हुन्छ समय लम्ब्याइ रहेका छन् ।

Buy something in = किनेर जम्मा थुपारी राख्नु I have no habit to buy in stuffs for winter हिउँदको लागि अहिलेदेखि नै किनेर थुपारी राख्न चाहन्न म ।

Buy somebody off = कसैको मुखमा बुझो लगाइदिनु I do not buy him off unless he drops the charges आरोप फिर्ता नगरञ्जेल म उसको मुखमा बुझो लगाउन्न ।

### सुडोकु-अंक २७५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | ४ | २ | | | |
| | ६ | | | | | | १ | |
| ९ | | | | | | | | ७ |
| | ७ | ४ | १ | | ८ | ६ | २ | |
| ५ | | | | | | | | १ |
| | २ | ६ | ५ | | ४ | ९ | ७ | |
| ८ | | | | | | | | ६ |
| | ९ | | | | | | ५ | |
| | | | ३ | ६ | ७ | | | |

### अंक २७४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १ | ३ | ५ | ९ | ८ | ६ | ४ | ७ |
| ७ | ६ | ८ | १ | ४ | २ | ३ | ५ | ९ |
| ३ | ९ | ४ | ७ | ६ | ५ | ८ | २ | १ |
| ६ | ७ | १ | २ | ३ | ४ | ९ | ८ | ५ |
| ४ | ३ | ९ | ५ | ८ | ६ | ७ | १ | २ |
| ५ | ८ | २ | ९ | १ | ७ | ४ | ३ | ६ |
| १ | ५ | ३ | ४ | ७ | ९ | २ | ६ | ८ |
| ९ | ४ | ६ | ८ | २ | १ | ५ | ७ | ३ |
| ८ | २ | ७ | ६ | ५ | ३ | १ | ९ | ४ |

लैंगिक हिंसा हटाऔं, मानव बेचबिखन बन्द गरौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# JUCHE IDEA AND THE DPRK TODAY

The respected Comrade Kim Jong Un made a policy speech at the Seventh Session of the 14th Supreme People's Assembly of the Democratic People's Republic of Korea on September 8.

Following is the full text of the policy speech:

Dear comrade Deputies,

Esteemed comrade Chairman of the Standing Committee and comrade Deputy Speaker of the Supreme People's Assembly,

Dear observers,

This Seventh Session of the 14th Supreme People's Assembly, convened in the lead-up to the anniversary of the founding of our glorious country, has provided legal weapons which are of great significance in implementing the major policies of the Party and the government.

In particular, the adoption of a law related with the policy of the nation's nuclear forces in accordance with the unanimous will of all the Korean people is a noteworthy event that proclaimed at home and abroad that we have come to possess by law a war deterrent as a means for defending the state.

Thus achieved is another important historic cause of establishing a political and institutional mechanism for definitely guaranteeing the eternal security of our state and people as well as the distant future.

Recognizing that the policy of the nuclear forces was instituted as a law in a historic period, very important in view of the current situation of our revolution, the trend of developments and the mission of the nuclear forces of our Republic, I feel grateful that all the Deputies adopted with unanimous approval the most important law at a most important moment.

I also extend warm encouragement and greetings to Deputies who, as representatives of the people, are devoting all their efforts, wisdom and passion for consolidating the state power rock-solid and accomplishing the struggle objectives advanced at the 8th Congress of the Workers' Party of Korea.

Comrades,

The higher the stage of socialist construction for achieving the independence of the masses reaches, the greater the challenge and resistance by the imperialists become.

As long as imperialism, whose inherent nature and means of existence are aggression and plunder, exists, the source of war cannot be rooted out, and antagonism and struggle between socialism, which aspires after independence and peace, and imperialism is unavoidable in the development of history.

Therefore, it is a crucial and vital requirement in achieving a steady development and prosperity of socialism that conditions and an environment that allow no aggressive threat be created; to this end, we should possess an absolute strength with which we can definitely overwhelm the enemy.

Our Republic, as a citadel of the anti-imperialist struggle and a fortress of socialism, resolutely promoted the construction of a self-reliant national defence capability according to its own timetable in the face of intervention and pressures by the hostile forces of all hues. By doing so, it put an end to the era when the US imperialists unilaterally imposed nuclear threat.

And today it has accomplished the historic cause of making a permanent legal confirmation of the law of the policy of the nuclear forces.

This is a clearer demonstration of the independent determination of the government of the Republic and its will to defend the sovereignty and interests of the state.

Our nuclear weapons are a means for containment and ultimate weapon that our Republic, which from the early days of its birth had been under the nuclear threat by the United States, the first country to use nuclear weapons and the largest nuclear power in the world, possessed by waging an arduous and bloody struggle for scores of years so as to reliably defend its dignity and security and completely remove the danger of a nuclear war.

With an absurd sophistry that our nuclear weapons and our strengthening of the self-defence capability pose a serious threat to global peace and the security in the region, the United States is now obsessed with spreading a rumour in the international arena aimed at demonizing the government of our Republic; it is also tenaciously resorting to the harshest-ever sanctions and blockade and political and military offensive to bring us under its control psychologically and physically even by enlisting all its vassal forces.

What the United States tries to achieve is not merely to remove our nuclear weapons; its final objective is to overthrow our government some day by inducing us to abandon the nuclear weapons and further give up our capability of exercising the right to self-defence or by making the capability inferior to its own.

Through unheard-of sanctions and blockade, it is attempting to make us think about the cost of our option for the nuclear weapons and induce and incite complaint among our people about their Party and government by creating a harsh environment for us and by making us feel worn out and uncertain and threatened with regard to the environment for a stable development of our state; in this way they are trying to lead us but to give up the nuclear weapons of our own accord.

But never.

It is the enemy's misjudgement and miscalculation.

Let them impose sanctions for 100, nay 1 000 days or even ten or 100 years.



It is not we that would give up the right to self-defence, on which the country's right to existence and the security of the future of the state and the people depend, so as to escape or make a detour even a moment around the difficulties we are experiencing now; we can never give up the nuclear weapons however harsh the circumstances are in the political and military situations the United States has created on the Korean peninsula and moreover as we have to contain the United States, our nuclear enemy state, in a far-sighted way.

Our people are well aware of the many historical events of the 20th century and 21st century, in which some countries saw and are seeing their last days and tragic ends as a result of wrong choices they made unable to bear the US imperialists' stereotyped preaching and sophistry, sanctions and pressure, and military threat.

Our generation will not pursue an immediately visible improved environment for the economic life at the cost of giving up the nuclear weapons, which guarantee the security of the government of our Republic and the coming generations, to find our own comfort and to escape today's difficulties unable to bear the enemy's deceitful preaching and tenacious pressure, nor will we change our choice even if it would mean experiencing great difficulties.

In this way, we should remain as the greatest and iron-willed generation in the history of our Republic's development.

The United States can never and ever realize their ambition with regard to our state or make our people change their choice.

Whose side on earth is the time on?

It is the enemies who feel hard-pressed now; we do not feel hard-pressed, and we are fully able to live by our own efforts and in our own way even in these circumstances.

In direct proportion to the increase of the period of suffering imposed on our people by the US's brutal hostile policy against us, our absolute strength is continuing to be built up at exponential speed and the security threat they have to face is increasing in direct proportion.

The nuclear forces of our Republic will responsibly perform their important mission to contain grave political and military provocations against our state by the United States and its vassal forces and to put their prospective threats under control, and today this was clarified in a law of the state.

As our Republic values most its independence and self-respect and the destiny of its people, never forgives hostile acts that may do harm to them and means what it says, it could take such an audacious political decision as codifying the policy of the nation's nuclear forces in a law.

The world will clearly realize once again what a truly independent powerful country, a state of justice is in modern days, when pursuit of hegemony is more rampant, and how mighty the unquenchable spirit of our Republic dealing squarely with the United States, the empire of evil, is.

Comrades,

Looking back the arduous and protracted journey that our revolution has made so far since it started out with two pistols, all the events of history condensed in it tug at my heartstrings.

The successes achieved are really great, and they are felt weightier and more valuable as they are a fruition of the unstinted support and encouragement from all the people, their precious sweat and blood, and their indescribable painstaking efforts.

To tell the truth, we had to build up the nuclear forces of our Republic and make its combat preparedness perfect while standing face-to-face with the allied imperialist forces single-handedly and coping with their most inhumane and outrageous moves of sanctions and suffocation. It was a do-or-die battle we had to fight in the face of untold sufferings and trials.

It meant that our beloved children and all other people had to tighten their belts still further and suffer from greater hunger, and that all our dear families had to undergo appalling difficulties in life.

Although it was an unavoidable choice we had to make to win a greater victory, it was an untrodden path on which we had to be prepared to suffer unbearable loss and the result of which we were little sure of.

Nevertheless, our people rendered absolute support to our Party for the cause, which it started with the trust in them alone, making single-hearted and all-out efforts for it despite all manner of hardships.

Obviously our scientists and technicians made tangible contributions to the accomplishment of the historic cause of building the nation's nuclear forces; yet, but for our people, who remained fully convinced of the victory without any yielding to such intolerable and uninterrupted sufferings, we could not have followed to the end the road of possessing nuclear weapons, nor could our Republic have greeted today when the policy of the nuclear forces was codified in a law.

Our people, by overcoming all sorts of trials by dint of their unique, strenuous fortitude and patriotism, have finally raised the glory and dignity of our state up to such a height as no one would ever dispute it.

On behalf of the Party and government, I extend my heartfelt thanks to our people throughout the country.

Comrades,

The legalization of the policy of the nuclear forces in accordance with the unanimous desire and iron will of all the people is of tremendous significance.

With this, the position of our state as a nuclear nation has become irreversible.

If our nuclear policy is to be changed now, the world has to be changed, and so should the political and military environment on the Korean peninsula.

There will never be such a thing as our abandonment of the nuclear weapons or denuclearization first, nor will there be any negotiations to this end or bargaining chip in these processes.

The nuclear weapons represent our nation's dignity and honour; they mean the absolute might of our Republic and a source of the great pride of the Korean people.

As long as there exist nuclear weapons and remains imperialism on the earth, and as long as the United States and its vassal forces refuse to stop their anti-DPRK manoeuvrings, our journey of building up the nuclear forces will not come to an end.

Our Republic's nuclear forces represent the destiny of the country and the people and their lasting prestige–this is our steadfast stand.

We have drawn the line of no retreat regarding our nuclear weapons so that there will be no longer any bargaining over them. Herein lies the great importance of the legalization of the policy of the nuclear forces.

The event has made the peace-loving stand of the government of our Republic and our policy of the nation's nuclear forces more transparent and justifiable.

It is a desire of humanity to live in a peaceful world free from aggression and war.

Yet, peace does not come of its own accord simply because they are desirous of it; it is something that we can achieve and defend only when we are strong enough to contain the imperialist tyranny.

Our Republic's legalization of the policy of the nuclear forces constitutes a righteous blow to the imperialists who are violating and disrupting the right to independence and peace.

Our Republic's nuclear forces exist and will come into use to defend our territory, people and self-respect and global peace and security from the imperialist tyranny, and not to pursue intervention in the internal affairs of other nations or hegemony. Accordingly, they in no way pose any threat to those nations and peoples that are friendly to us and desirous of peace.

For their inherent characteristics, the standards and principles of management, operation and other matters related with nuclear weapons should be clearly stipulated by law.

Otherwise, they might fall into an uncontrollable state to be misused for other purpose, or employed in pursuance of any unjustifiable interests, driving humanity into a horrible nuclear holocaust at any moment.

The current law on the policy of our Republic's nuclear forces clearly stipulates detailed provisions, such as the mission and composition of the nuclear forces, control and command over them, principles and conditions for their use, and their safe maintenance and protection.

Such being the case, the law fully accords with the desire of humanity for justice and peace, and there is no room for anyone to pick a quarrel with, or question, our nuclear forces in the future.

The legal weapon, provided to reliably guarantee the historic advance towards the comprehensive development of our own style of socialism, constitutes, together with the proud victories and successes achieved this year, an epoch-making occasion in remarkably raising the fighting spirit of all the people.

This year the government of our Republic has been faced with the heavy task of building a high road to fulfilling the five-year plan set out by the 8th Party Congress.

Every part of the efforts to carry it out has encountered unprecedented trials and ordeals, but our struggle has been more courageous and progressive, and has borne more valuable fruits.

We overcame the threatening public health crisis, the first of its kind since the founding of our state, in a short span of time by waging a tenacious struggle based on single-hearted unity, the unity of one mind and one body, and defended the security of the state and the people by turning the whole country back to the state of cleanness–this is a great victory we have achieved this year.

In the face of the doubts of the whole world, we displayed to the full the politico-ideological might and superiority of the socialist system by bringing the unprecedented anti-epidemic war to a victorious conclusion at the earliest date possible, and this instilled greater confidence and pride in the people across the country and actively encouraged them to make more dynamic efforts for socialist construction.

**to be continued.....**

## विदेशीका...

यहुदी थिएनन् । यसको अर्थ हो, सत्कर्म गर्नेहरूलाई सबैले आदर गर्छन् । अमेरिकी लेखक तथा प्राध्यापक जोन म्याक्सवेलको कथन छ-'नेता त्यही हो, जसलाई सही मार्ग र लक्ष्य थाहा हुन्छ । ऊ त्यही बाटो हिँड्छ र अरूलाई पनि हिडाउँछ ।' भीडको स्वाद अनुसार कृत्रिम लोकप्रियताका लागि बोल्दैन ऊ । सत्य जे हो, त्यो मात्र बोल्छ । अरूलाई तीतो लागे पनि सत्य बोल्छ ।

प्रचुर क्षमता भएका युवा लाखौँ छन्, नेपालमा । ती सबैको जोश, जाँगर, सिप र ज्ञानको सदुपयोग गर्ने/गराउने प्रयत्न नै गरिएन । युवा-विद्यार्थीका संगठन नेतागणका 'अंगरक्षक गुल्म' भए । प्रचुर क्षमता भएका युवा लाखौँ छन्, नेपालमा । ती सबैको जोश, जाँगर, सिप र ज्ञानको सदुपयोग गर्ने/गराउने प्रयत्न नै गरिएन । युवा-विद्यार्थीका संगठन नेतागणका 'अंगरक्षक गुल्म' भए । अभाव लगायतका अनेक कारणले पढ्न नपाएका, परिवारबाट टाढा हुनुपरेका लाखौँलाई पसिना र सत्कर्मको मूल्य दिएर स्वदेशमै रोजगारी दिलाउन कसैले प्रयत्न गरेनन् ।

राष्ट्रलाई स्वावलम्बी बनाउने भरपर्दो र दिगो कोसिस नै गरिएन । धेरै उच्चपदस्थहरू विदेशीद्वारा, विदेशीका लागि काम गर्ने यन्त्रमानव मात्र भए । राष्ट्रहित भन्दै विदेशीको स्वार्थमा निर्णय गरेर विदेशी कलमले हस्ताक्षर गरिरहे । महाकाली सन्धिदेखि नागरिकता विधेयकसम्म राष्ट्रिय हित कति सुरक्षित छ भनेर धेरैले प्रश्न गरिरहेका छन् ।

राष्ट्रका नायक हुने क्षमता नभएपछि राजनीतिकर्मीहरू 'ग्याङ लिडर' बन्छन् । सभ्य भाषामा 'दलीय नेता' भन्ने जलप लगाइन्छ । तसर्थ, आज नेपाली राजनीतिमा चलायमान देखिएका धेरैजसो पात्र परजीवी, परावलम्बी, पराश्रित, परतन्त्र छन् । बितेका ३० वर्षयता उनीहरूले पटकपटक मौका पाए पनि राष्ट्र र जनताका लागि कुनै उल्लेख्य काम गरेनन् । तसर्थ यी कोही पनि नेता होइनन् ।

खास गरी तराईका जिल्लामा गैरनेपालीले रैथानेसरह नेपालीका हक, अवसर वा यावत् सुविधा पाउँदा रसुवा, दार्चुला वा मनाङका बासिन्दा होइन, हजारौँ सालदेखि तराईमै बसेका नेपाली अल्पमतमा पर्छन् । तराईका रोजगारी, कृषि, उद्योग, व्यापार, स्कुल, कलेज, अस्पताल लगायतका क्षेत्रमा 'नयाँ नागरिकता' लिएका विदेशीको हुलमुल बढ्छ ।

सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र धार्मिक क्षेत्रमा प्रदूषण बढ्छ । भारतका युपीको जनसंख्या झण्डै २३ करोड र बिहारको ११ करोड छ । सिमानामा पर्ने अर्को राज्य पश्चिम बंगालको जनसंख्या दश करोड बराबर छ । तसर्थ उनीहरूमध्ये एक/दुई प्रतिशत मात्र 'नेपाली' भएमा ठूलो समस्या आउने देखिन्छ ।

पटक-पटक हिंसा र अराजकता भइरहने भारतका विभिन्न राज्यमा पचासौं आतंकारी संगठन, लाखौँ तस्कर, हत्यारा, डाँका आदिका लागि नेपालको नागरिकता कछुवाको बलियो हाडजस्तो सुरक्षा-कवच सावित हुन सक्छ । अव्यवस्थित सिमाना भएका नेपाल जस्ता राष्ट्र कति छन् ? सहज रूपमा कुन-कुन राष्ट्रमा दलहरू नै मिलेर राष्ट्रघातका नवीनतम् नजीर बनाउँछन्? राष्ट्र नरहे पनि सुख सुविधा रहोस् भनेर कतिवटा र कुन कुन राष्ट्रमा राष्ट्रिय स्वाभिमानमाथि खेलबाड गरिएको छ?

विदेशीको मन्त्रले चल्ने नेपाली तन्त्रले नेपाल र नेपालीको हित गर्दैन भन्नेहरू किन ऐक्यबद्ध हुन सक्दैनन् ? किन ज्युँदो देखिएका छैनन् । यदाकदा घाटमा पुऱ्याइएको लास पनि बौरिएका खबर सुनिन्छन्, बूढापाका छन् प्रत्यक्षदर्शी । तीसौँ वर्षदेखि उनै अकर्मण्य, भ्रष्ट, राष्ट्रघाती, कुरौटे र विदेशीका भरौटेहरूलाई नै जनताले राष्ट्र हाँक्ने लाइसेन्स दिएका छन् । के अब पनि त्यही भूल दोहोऱ्याउलान् ?

## संविधानको...

स्वतः कानुन बन्ने व्यवस्था छ । नेपालको संविधान २०७२ पनि दलहरूले फास्टट्र्याक विधिबाटै जारी गरेका हुन् । संविधानको मस्यौदामा जनमतले हिन्दू राष्ट्र राख्न सुझाव दिएको थियो । तर क्रिश्चिनरी मिसन, भ्याटिकन सिटी, युरोपेली युनियनको डलर/युरो खाएर बडे नेताहरूले नेपालको पहिचान हिन्दूराष्ट्र संविधानमा हटाए । यो संविधानमा मधेस बेल्टको ठूलो विमति थियो, छ । मधेसमा ब्लाकआउट, काठमाडौंमा दिपावलीबीच संविधान जारी गरियो । जनताले ५ वटा मात्र प्रदेश राख्न सुझाव दिए तर दलहरूले टेरेनन् । संघीयतामै नजान सबभन्दा बढी जनसुझाव आए पनि त्यसलाई वास्ता गरिएन । अहिले संघीयता देशकै लागि घाँडो सावित भएको छ । प्रदेश सरकारहरू भ्रष्टाचारका अखडामा परिणत भए । प्रदेश सरकारको उपयोगिता नै देखिएन । संघीयता देशको सर्वांगिण विकासका लागि कि नेता कार्यकर्ताको जागिर र भ्रष्टाचारका लागि ? यसको जवाफ नेताहरूसँग छ ?

नागरिकता विधेयकका सन्दर्भमा सरकार र संसदले ठूलो बलमिच्याइँ गरे । यति महत्वपूर्ण विधेयकलाई पनि दुवै सदनमा संसदीय समितिमा दफावार छलफलका लागि उनीहरूले लगेनन् । पहिले राज्य व्यवस्था तथा सुशासन समितिमा २२ महिना छलफल भई बहुमतबाट पारित भएको विधेयकलाई फिर्ता गर्नुको औचित्य पुष्टि गर्नु पर्दैन ? राष्ट्रपतिले सदनमा दिएको विधेयक फिर्ता गर्दा दिएको सन्देशलाई पनि वास्ता गरेनन् । राष्ट्रपति पदकै मानमर्दन गर्दै हुबहु विधेयक दोस्रो पटक पनि पारित गरेर शितलनिवास पठाइयो ।

राष्ट्रपतिका चासोहरूलाई सम्बोधन गर्ने कुनै विकल्पको पनि खोजी गरिएन । सरकार संसदले सत्ता अहं र दम्भ प्रदर्शन गरे । राष्ट्रपतिलाई संविधानको रक्षक मानिएको छ । राष्ट्रपति पदलाई एकताको प्रतीकका रुपमा पनि लिइन्छ । राष्ट्रपति राष्ट्रकै अभिभावकीय भूमिकामा हुन्छन् । जब राष्ट्रमाथि कुनै खतरा उत्पन्न हुन्छ, राष्ट्रपतिले संकटकाल लगाउन सक्छ । नेपालको संविधानले राष्ट्रपतिलाई सेरेमोनियल बनाएको छ भन्दैमा सरकारका गलत र देशघाती कामकारबाहीलाई टुलुटुलु हेरेर बस्नुपर्छ भन्ने हुँदैन ।

नेपालमा बस्ने हरेक नेपालीहरूले बिना झन्झट नेपाली नागरिकता पाउनुपर्छ । यसमा कुनै विवाद छैन । तर यसअघि बाँडिएका नागरिकता धेरै भारतीयहरूले प्राप्त गरेको तथ्यांक बाहिर आइरहेको छ । उच्चस्तरीय नागरिकता छानबिन समिति बनाएर त्यस्ता नागरिकताहरू बदर गरिनुपर्छ । भारतीयहरूले तराईमा १ करोड भारतीयहरू बसोबास गरिरहेको दाबी गरेका छन् । नागरिकताकै कारण राजा वीरेन्द्रको वंश विनाश गरिएको हो भन्ने धेरै छन् । नेपाली नागरिकता नेपालीहरूको परिचयपत्र हो । तराईमा ३०, ४० हजार र ५० वटा जिल्लामा गरी झन्डै ८० हजारले नागरिकता पाउन नसकेको बताइन्छ । नागरिकतालाई खुकुलो होइन कडाइ गरी सबै नेपालीलाई नागरिकता दिइनुपर्छ । तर आदिबासीहरूले सजिलै नागरिकता पाउने घातक प्रावधान हटाइनैपर्छ ।

## अनुमतिबिना...

बोर्ड र डिजिटल बोर्डबाट बाह्य विज्ञापन गरेपछि सूचना जारी गर्न महानगर बाध्य भएको जनाईएको छ । उच्च अदालत पाटनबाटले दिएको भदौ ३० गतेको आदेशका आधारमा महानगरले असोज ५ आजदेखि बाह्य विज्ञापन सम्बन्ध संस्था तथा व्यक्तिलाई आग्रह गरेको छ । नियम उल्लंघन गरेर नगर प्रहरी बल लगाएर हटाउने पनि महानगरले चेतावनी दिएको छ ।

## प्रमाण...

दिएको हो । यसअघि अदालतले दुवै पक्षलाई छलफलका लागि बोलाएको थियो । काठमाडौं महानगरपालिकाले टुकुचा खोला अतिक्रमण गरिएको भन्दै खोला खोज्ने अभियानलाई तिब्रता दिइरहँदा त्यसको बिरोधमा गत साउन ३१ गते उच्च अदालतमा रिट दर्ता भएको थियो ।

## राष्ट्रसंघ...

चुनौतीहरू फैलिरहेका छन्, ' हामीलाई आशा चाहिन्छ ' हामीले पूर्णरूपमा काम गर्नुपर्नेछ ।' महासचिव गुटेरेसले हाम्रो विश्व संकटमा रहेको र विश्व व्यवस्था लाचार बन्दै गएको बताए । उनले भने, 'सहकार्य र संवाद नै अगाडि बढ्ने बाटो हो । कुनै पनि शक्ति वा समूह एक्लैले ठूलो विश्वव्यापी चुनौती समाधान गर्न सक्दैन । हामीलाई वैश्विक एकता चाहिन्छ ।'

महासभालाई कडा चेतावनी दिँदै गुटेरेसले थपे, 'अन्तर्राष्ट्रिय समुदाय हाम्रो युगको नाटकीय चुनौतीहरूको सामना गर्न तयार वा इच्छुक देखिँदैन ।' उनले भने, 'विश्व समुदायले आगामी तीन वर्षभित्रै जलवायु संकट, द्वन्द्व, बढ्दो गरिबी र असमानतालाई गम्भीर भएर सम्बोधन गर्नुपर्छ ।' उनले संयुक्त राष्ट्र संघको बडापत्र र यसका आदर्शहरू नै खतरामा परेको बताए ।

महासचिव गुटेरेसले सामाजिक सञ्जाल प्लेटफर्महरूले घृणा र नकारात्मकता फैलाएको आरोप पनि लगाए । संयुक्त राष्ट्रसंघको महासभाको बैठकमा सहभागी हुन विश्वका १९३ देशका नेता न्यूयोर्क आइपुगेका छन् । यसपटक चीनका राष्ट्रपति सी जीनपीङ र रूसका राष्ट्रपति भ्लादिमिर पुटिन सहभागी हुनेछैनन् ।

## खेलाडी...

जनालाई बाल्टिमोर काउन्टीअन्तर्गट डिस्ट्रिक्ट आठले सम्मान गरेको हो । चारै जनालाई डिस्ट्रिक्ट आठका डेलिगेट्स ह्यारी भण्डारीले सम्मान गरे । सिंहलाई नेपाली खेलकुदमा पत्रकारिताको माध्यमबाट गरेको महत्वपुर्ण योगदानका कारण र अधिकारीलाई फोटो पत्रकारितामा गरेको योगदानको कदर गर्दै सम्मान गरिएको हो ।

चारै जनालाई नेपाली खेलकुदमा पुर्याएको योगदानको कदर गर्दै सम्मानित गरेको ह्यारी भण्डारीले जानकारी दिए । यसअघि रोशन, कौशल, भरत र नवयुगलाई बाल्टिमोरको १० नम्बर डिस्ट्रिक्टका डेलिगेट जे जेलेसीले पनि सम्मान गरेका थिए । एनएसी कप फुटबलका लागि भरत र नवयुगले अमेरिकाको एल ए गुँरासबाट खेलेका थिए ।

## प्रतिष्ठानबाट...

त्यसैगरी असोज ५ गते रत्नराज्य लक्ष्मी विद्यालयले रु एकलाखको दुइ टेवलटेनिस बोर्ड र दुइ स्पिकर प्राप्त गरेको छ । उक्त समानहरू प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकाल, कोषाध्यक्ष शैलिनी ढकाल ले लाभान्वितहरूलाई वितरण गरेका थिए भने स्थानीय समाजिक कार्यकर्त्ता प्रेम महर्जन तथा रामेश्वर थापाले उक्त कार्यको संयोजन गरेका थिए ।

## ब्याजदर...

मूल्य अकासिएर आम सर्वसाधारणको जीविका पनि कष्टकर हुँदै गएको छ । आठ प्रतिशतभन्दा माथि पुगिसकेको मुद्रास्फिति दरलाई बैंक तथा वित्तीय संस्थाहरूको यस निर्णयले थप माथि लग्ने तथा अर्थतन्त्र सुंकचित हुँदै जाँदा सरकारको राजस्व संकलन समेत करिब २० प्रतिशतले न्यून हुन गएको पनि महासंघले जनाएको छ ।

संकटको बेलामा जोखिम बाँडेर अर्थतन्त्रका सबै क्षेत्रले एक अर्कालाई सहयोग गर्नुपर्ने अहिलेको अवस्थामा बैंक तथा वित्तीय संस्थाको पछिल्लो निर्णयले ब्याजदरमा अस्थिरता हुँदा सञ्चालनमा रहेको व्यवसाय जोखिममा पर्ने र नयाँ लगानी निरूत्साहित हुने महासंघले जनाएको छ ।

हाल बैंकिङ प्रणालीमा लगानीयोग्य रकम अभाव भएका कारण सबै वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स कम्पनीहरूले ब्याजदर बढाएका छन् । लगानीयोग्य तरलता कम भएका कारण मंगलबारसम्ममा वाणिज्य बैंकहरूले केन्द्रीय बैंकबाट १७ खर्ब १६ अर्ब ७० करोड २० लाख स्थायी तरलता (एसएलएफ) सुविधा लिइसकेका छन् । राष्ट्र बैंकका अनुसार बैंकहरूले १ साउनदेखि ४ असोजसम्ममा सवा १७ खर्ब अल्पकालीन सापटी लिएका हुन् । मंगलबार पनि बैंकहरूले २८ अर्ब १३ करोड रुपैयाँ एसएलएफ सुविधा लिएका छन् ।

विगत ६ महिनामै एकल अंकको बैंकको ब्याजदर दोब्बर अंकमा पुगेको तथा बैंकहरूले आफूखुसी ४ प्रतिशतसम्म स्प्रेडदर कायम गरेका कारण विस्तारै लयमा फर्किंदै गरेको उद्योग-व्यवसाय फेरि धराशायी हुने अवस्थामा पुगेको उद्योगीहरूको दाबी छ ।

## नेपालको...

एडीबीले बुधबार एसियन डेभलपमेन्ट आउटलुक २०२२ सार्वजनिक गर्दै यस्तो प्रक्षेपण गरेको हो । यस वर्ष सरकारले ८ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य राखेको छ । आयात प्रतिस्थापनका कारण चालिएका कदमले घरेलु उतपादन र उपयोगमा समेत असर पर्ने एडीबीको भनाइ छ । कोभिड-१९ महामारीको असरका बावजुत पछिल्लो समय डेंगु ज्वरोको तीव्र फैलावट, प्राकृतिक प्रकोप र भू-राजनीतिक उथलपुथलबाट समेत नेपालको आर्थिक वृद्धिमा असर पुग्ने एडीबीको भनाइ छ । सामान्य मनसुनका कारण कृषिको वृद्धिदर राम्रो हुने सम्भावना छ । तर, यसमा मलको अभावले धानको उतपादनमा भने प्रतिकुल असर पर्न जाने अनुमान गरिएको छ ।

जलविद्युतको बढ्दो उत्पादन र उद्योगको क्षमता उपयोगमा वृद्धि हुने अनुमान गरिएको छ । ब्याजदरमा भएको वृद्धिले रियल इस्टेट, थोक तथा खुद्रा व्यापार भने प्रभावित हुने अनुमान छ । आगामी निर्वाचनले भने खर्च बढाउने र जीडीपीको वृद्धिमा समेत सकारात्मक प्रभाव पर्ने एडीबीले जनाएको छ । चालु आवको बजेट कृषि, उद्योग, पूर्वाधार र सामाजिक सुरक्षाका क्षेत्रमा केन्द्रित रहेको भन्दै एडीबीले मुद्रा स्फीति भने केही संकुचन हुने प्रक्षेपण गरेको छ । सन् २०२२ मा ६.३ प्रतिशत रहेको मुद्रास्फीति चालु आवमा ६.१ मा सीमित हुने अनुमान गरिएको छ । चालु आवमा श्रीलंकाको अर्थतन्त्रको विस्तार नकारात्मक रहने अनुमान एडीबीको छ । अन्य मुलुकको अर्थतन्त्रको विस्तार सकारात्मक रहने छ ।

श्रीलंकाको जीडीपीमा माइनस ३.३ प्रतिशतको वृद्धिदर रहने छ । पाकिस्तानको ३.५ प्रतिशत सकारात्मक विस्तार देखिने छ । भुटानको ४ प्रतिशत र नेपालको ४.७ प्रतिशत बिस्तार हुने अनुमान गरिएको छ । बंगलादेशको ६.६ प्रतिशत, भारतको ७.२ प्रतिशत र माल्दिभ्सको सबैभन्दा धेरै १०.४ प्रतिशत विस्तारको प्रक्षेपण गरिएको छ । अफगानिस्तानको भने तथ्यांक छैन ।

## समानुपातिक...

विभाग प्रधानमन्त्री कार्यालय मातहत नै राखिएका छन् । जबकि तत्कालीन प्रधानमन्त्री ओलीले यिनलाई आफ्नो मातहतमा राख्दा देउवाले विरोध गरेका थिए ।

महेन्द्रनारायण निधि पुत्र विमलेन्द्र निधि जनकपुरबाट फेरि पनि हार्ने भएपछि समानुपातिक सूचीमा बसे । यी उपप्रधान र गृहमन्त्री भइसकेका व्यक्ति हुन् । गोपालमान श्रेष्ठ, प्रकाशशरण महत पटक पटक मन्त्री बनिसकेका अनुहार हुन् ।

माओवादी केन्द्रले पनि ०४८ सालदेखि लाभको पदमा बसेका आइमाइकाण्ड लागेर सभामुखबाट च्युत भएका कृष्णबहादुर महरालाई समानुपातिक सूचीमा राखेको छ । एमालेले पनि मन्त्री भइसकेका रघुजी पन्त, नैनकला थापालाई समानुपातिकमा समेटेको छ । एकीकृत समाजवादीले प्रमेश हमाल, नागेन्द्र चौधरी, रामचन्द्र यादव, दिलकुमारी पन्त लगायतलाई समानुपातिकमा समावेश गरेको छ ।

फरमुल्लाह मन्सुर, आनन्द ढुंगाना, अम्बिका बस्नेत, जीवन परियार कांग्रेसको बन्द समानुपातिक सूचीमा छन् । प्रभावशाली नेता, पहुँचवाला र पैसावाला नै समानुपातिक सूचीमा बस्न थालेपछि यो प्रणालीको हदैसम्म दुरुपयोग भएको विश्लेषकहरू बताउँछन् । समानुपातिकमा सधैं तरमाराहरूकै राज चल्ने गरेको छ ।

मेरो प्रतिवध्दता

आगामी संघीय संसदीय चुनावमा काठमाण्डौ क्षेत्र नं १ का मतदाताहरु समक्ष मेरो प्रतिवध्दता निम्नानुसार हुनेछ :

१) सांसदको हैसियतमा मैले राज्यबाट कुनै भत्ता, सुविधा, औषधोपचार लगायतका अर्थ संवन्धी कुनै पनि कुरा लिने छैन ।

२) २०४६ साल पछिका लाभका पद धारण गरी नव संभ्रान्त वन्न पुगेकाराष्ट्रपति, प्रधानमंत्री देखि लिएर वडा तह सम्मका राजनीतिकर्मीहरुकोसंपत्ती जाचवुझ गरी श्रोत नखुलेको सबै सम्पत्तीहरु राष्ट्रियकरण गर्ने अभियानको संसद र सडकबाटै नेतृत्व गर्ने छु ।

३) राजनीतिलाई पेशा नभै देश र जनताको मुहार फेर्दै देशलाई समृध्दि तर्फ डोराउने उत्कृट समाजसेवाको रुपमा स्थापित गर्न वर्तमान देखि भुतपूर्व राष्ट्रपति देखि लिएर वडा सदस्यहरुले पाउने सबै भत्ता सुविधाहरु खारेज गर्ने अभियानको नेतृत्व संसद र सडक दुबै ठाउबाट गर्ने छु ।
राज्यलाई दिन र दिलाउन सक्नेले मात्रै नामको लागी् राजनीति गर्ने संस्कारको विकाशमा लाग्नेछु ।

४) महालेखा परिक्षकको प्रतिवेदनमा उल्लेख खरबौंको वेरुजु सरकारी बक्यौता सरह असुल्ने अभियानको नेतृत्व गर्ने छु ।

५) सहमती भै कार्यान्वयनमा आउन नसकेका महाकाली लगायत सबै जल विद्युत योजना जस्ता सन्धी, संभौता तथा सहमतिहरु खारेज गरी त्यस्ता सबै योजनाहरु स्वदेशी पुजीबाटै निर्माण गर्ने अभियानको नेतृत्व गर्ने छु ।

६) राजनीतिमा सादापन, सक्षमता, पारदर्शिता, योग्यताको कदर गर्ने परंपराको विकाश गरी राम्रो जति मात्रै हाम्रो हुने संस्कारको विकाशको लागि प्रयत्नरत हुनेछु ।

७) वालवालिका, महिला, आदिवासी, उत्पिडित जाती जनजातीको अधिकार स्थापित गरी उनीहरुको सामाजिक विकाशमा आफुलाई सकृय राख्नेछु ।

सुरेन्द्र ढकाल

- राजनीतिलाई पेशा होइन राष्ट्र र जनताको मुहार फेर्ने सेवाको रूपमा स्थापित गरी आमगरिबी र निरक्षरताको निर्मूल गरौं ।
- देशबाट लिने होइन देशलाई दिन र दिलाउन सक्नेले मात्रै राजनीति गरौं ।
- राजनीतिमा हाम्रो मान्छे राम्रो होइन राम्रो, सादगी र सक्षम मान्छे हाम्रो हो भन्ने मान्यता स्थापित गरौं ।
- देशको भूराजनीतिक संवेदनशीलता, असंलग्नता र पंचशीलको मूल्य र मान्यता बुझ्ने नेपाल चिन्तनमा आधारित देशभक्त नेतृत्वलाई स्थापित गरौं ।
- पर्यावरणप्रेमी विकासलाई अघि बढाऔं, आउने पुस्ताको लागि पनि हिमाली क्षेत्र र माता पृथ्वीलाई सुरक्षित राखौं
- स्थानीय उत्पादन, पर्यटन र नविकरणीय ऊर्जाको प्रवर्द्धन गरी ब्यापार घाटाको चंगुलबाट देशलाई मुक्त गरौं ।
- एक स्थानीयस्तर एक विशेष उत्पादनलाई यथार्थमा परिणत गरी देश भित्रै आमरोजगारीको सिर्जना गरौं ।
- निजामती, सैनिक, प्रहरी, शिक्षा, स्वास्थ्य लगायत सबै पेशागत सेवाहरूलाई राजनीतिबाट तटस्थ राख्दै दक्ष बनाऔं ।
- अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण गर्ने प्रवृत्ति त्यागी दण्डहीनताको अन्त्य गरौं ।
- नेपाललाई बौद्ध र हिन्दुधर्मको मक्का मदिना र भेटिकन जस्तै अन्तर्राष्ट्रिय धार्मिक केन्द्रको रूपमा विकास गरौं ।
- राज्यले नागरिकलाई दिनुपर्ने सबै अत्यावश्यक सेवा प्रदायकको रूपमा स्थानीय सरकारलाई चुस्त र दुरुस्त बनाऔं ।
- प्रदेश खारेज गरी आधारभूत संघीयता प्रवर्द्धन गरौं ।
- नेपाललाई टिष्टा कांगडा सहितको विशाल शान्ति क्षेत्र बनाउने अभियानमा अघि बढौं ।

चुनाव चिन्ह



सुरेन्द्र ढकाल
उमेदवार, काठमाण्डौ
निर्वाचन क्षेत्र नं १
(नेकपा माले)